**सम्पत्ति विवरण समयमै बुझाऔं जरिवानाबाट बचौं ।**

- सार्वजनिक पद धारण गरेको व्यक्ति तथा राष्ट्रसेवकले आफ्नो व्यक्तिगत विवरण अद्यावधिक गरौं ।
- आर्थिक वर्ष सुरू भएको साठी दिनभित्र आफ्नो सम्पत्ति विवरण तोकिएको निकायमा पेस गरौं ।
- भ्रष्टाचारमा शून्य सहनशीलता अपनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



# प्रभाव दैनिक
National Daily

वर्ष ९ | अंक ८६ | काठमाडौं | मंगलबार, ३ साउन २०७९ | Prabhab National Daily, Tuesday, July 19, 2022 | URLwww.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


# गठबन्धन निरन्तरताको पक्षमा कांग्रेस

**कांग्रेसले चुनावी तालमेल आगामी पाँच वर्षसम्म स्थिर सरकारका लागि गर्न लागिएको स्पष्ट पारेको छ । आउँदा दुवै चुनावमा कांग्रेसलाई स्पष्ट बहुमत हुनेगरी तालमेल गर्ने उसको निर्णय छ ।**

■ प्रभाव संवाददाता

**काठमाडौं–** सत्ताको नेतृत्व गरिरहेको नेपाली कांग्रेस आउँदो प्रदेश र प्रतिनिधिसभाको निर्वाचन पनि गठबन्धनमा रहेका दलहरूसँग तालमेल गरेर अघि बढ्ने भएको छ । सोमबार सकिएको केन्द्रीय कार्यसमिति बैठकले तालमेलको औपचारिक निर्णय गरेको हो । कांग्रेस केन्द्रीय कार्यसमिति बैठक एक हप्ता चलेको थियो ।

कांग्रेसले गठबन्धन दलहरूका बीचमा तालमेल गर्दा संविधानको कार्यान्वयन, आर्थिक, सामाजिक रूपान्तरण र वैदेशिक सम्बन्धलगायतका विषयमा न्यूनतम साझा धारणा निर्माण गर्नेसमेत बताएको छ । कांग्रेसले यो चुनावी तालमेल पाँच वर्षसम्म स्थिर सरकारका लागि गर्न लागिएको स्पष्ट पारेको छ । आउँदा दुवै चुनावमा कांग्रेसलाई स्पष्ट बहुमत हुनेगरी तालमेल गर्ने उसको निर्णय छ ।

'वैशाख ३० मा सम्पन्न स्थानीय निर्वाचनबाट पहिलो दल बनेको नेपाली कांग्रेसलाई आसन्न प्रतिनिधिसभा तथा प्रदेशसभाको निर्वाचनमा स्पष्ट बहुमततर्फ लक्षित गराउँदै संविधानको रक्षा र लोकतन्त्रको थप सुदृढीकरण गर्दै जनताको समुन्नतिको सपनालाई स्थिर सरकारमार्फत सम्बोधन गर्न केन्द्रीय कार्यसमितिको यो बैठक सत्ता गठबन्धनमा रहेका दलहरूसँग संवाद गरी चुनावी तालमेल गरेर अघि बढ्ने निर्णय गर्दछ,' कांग्रेस बैठकको निर्णयमा भनिएको छ ।

कांग्रेसले गत स्थानीय निर्वाचनबाट पार्टीलाई सन्तोषजनक उपलब्धि हासिल भएको बताएको छ । स्थानीय निर्वाचनमा कांग्रेसले स्थानीय आवश्यकता र औचित्यताका आधारमा गठबन्धन गरेर चुनाव लडेको थियो । गठबन्धनसहित प्राप्त परिणाममा पार्टीले सन्तोष व्यक्त गरेको प्रवक्ता प्रकाशशरण महतले बताए ।

'तालमेल गरिरहँदा नेपाली कांग्रेसको मुख्य नेतृत्वदायी भूमिका रहेको यथार्थ, सांगठनिक वस्तुस्थिति तथा पार्टीपंक्ति एवं शुभेच्छुकको भावनालाई दृष्टिगत गर्दै गठबन्धनमा रहेका दलहरूसँग संवादमार्फत निष्कर्षमा पुग्ने निर्णय यो बैठक गर्दछ,' निर्णयमा भनिएको छ ।



### देउवालाई धन्यवाद

नेपाली कांग्रेसले सभापतिसमेत रहेका प्रधानमन्त्री शेरबहादुर देउवालाई धन्यवाद दिएको छ । सोमबार सकिएको केन्द्रीय कार्यसमिति बैठकपछि जारी निर्णयमा स्थानीय चुनाव व्यवस्थित र निष्पक्ष ढंगले एकै चरणमा सम्पन्न गरेकोमा प्रधानमन्त्री देउवा र मन्त्रीहरूलाई धन्यवाद दिएको हो ।

साथै, कांग्रेसले निर्वाचन आयोग, निर्वाचनमा खटिएका कर्मचारी, सुरक्षा निकाय, सञ्चार क्षेत्रलगायतको पनि प्रशंसा गरेको छ । कांग्रेसले स्थानीय चुनावमा उत्साहपूर्वक सहभागी भएका जनतालाई पनि धन्यवाद दिएको छ ।

'आफ्नो अमूल्य मतमार्फत नेपाली कांग्रेसलाई पहिलो दल बनाउनुहुने समस्त मतदातामा यो बैठक हार्दिक आभार प्रकट गर्दै मतदाताको त्यो विश्वासलाई सदैव शिरोपर गर्ने प्रण गर्दछ,' निर्णयमा भनिएको छ, 'स्थानीय चुनाव व्यवस्थित र निष्पक्षरूपले एकै चरणमा सम्पन्न गराएकोमा केन्द्रीय कार्यसमितिको यो बैठक प्रधानमन्त्री देउवा र उनको मन्त्रिपरिषद्को उच्च कदर गर्दै धन्यवाद ज्ञापन गर्दछ ।'

### तीन समिति गठन

नेपाली कांग्रेसको केन्द्रीय समिति बैठकले तीन वटा समिति गठन गरेको छ । महामन्त्री गगन थापाको नेतृत्वमा सदस्यता व्यवस्थापन समिति गठन भएको छ । केन्द्रीय सदस्य आनन्दप्रसाद ढुंगानाको नेतृत्वमा अनुशासन समिति र अर्का केन्द्रीय सदस्य श्यामकुमार घिमिरेको नेतृत्वमा केन्द्रीय लेखा समिति गठन गर्ने निर्णय भएको प्रवक्ता महतले बताए ।

१४औं महाधिवेशन भएको छ महिनाभित्र समिति गठन गर्नुपर्ने भए पनि सभापति देउवाले समिति गठन नगरेकोमा विरोध भइरहेको थियो । यस्तै, कांग्रेसले नीति महाधिवेशनका सम्बन्धमा केन्द्रले आवश्यक तयारी गर्ने बताएको छ । स्थानीय तहमा कांग्रेसका तर्फबाट निर्वाचित जनप्रतिनिधिका लागि आचारसंहिता बनाएर लागू गर्ने पनि बैठकले निर्णय गरेको छ ।

### थपिए तीन भ्रातृ संस्था

नेपाली कांग्रेसले तीन वटा संस्थालाई भ्रातृ संस्थाको मान्यता दिएको छ । निवेदन परेकामध्ये तीन भ्रातृ संस्थालाई मान्यता दिने बैठकले निर्णय गरेको हो । प्रवक्ता महतका अनुसार लोकतान्त्रिक आदिवासी जनजाति महासंघ, नेपाल थारू संघ र नेपाल लोकतान्त्रिक खेलकुद संघलाई भ्रातृ संघको मान्यता दिने निर्णय केन्द्रीय समितिबाट भएको छ ।

यसैबीच, कांग्रेसले भ्रातृ संस्थाहरूलाई साउनभित्रै पूर्णता दिने निर्णय पनि गरेको छ । केन्द्रीय समिति बैठकले अवधि समाप्त भई गठन हुन बाँकी रहेका भ्रातृ संस्था र पूर्णता प्राप्त नगरेका भ्रातृ संस्थालाई साउनभित्रै पूर्णता दिने निर्णय गरेको प्रवक्ता महतले जानकारी दिए । (बाँकी पृष्ठ ३ मा)

## नेविसंघको छुट्टै भेला

नेपाली कांग्रेसको भ्रातृ संगठन नेपाल विद्यार्थी संघमा पार्टी सभापति शेरबहादुर देउवाइतर पक्षले सोमबार छुट्टै भेला गरेको छ । भेलामा संघका निवर्तमान महामन्त्री दीपक भट्टराई, पूर्वकेन्द्रीय सदस्य एलिजा ढकाल, सुशील तिमल्सिना, पुजन गन्दर्भ, प्रतिमा भट्ट, महाधिवेशन प्रतिनिधि पूजा फुयाँललगायत उपस्थित थिए ।

यसैगरी, त्रिभुवन विश्वविद्यालयका सिनेट सदस्य पंकज क्षेत्री, मगर विद्यार्थी संघका केन्द्रीय महामन्त्री चन्द्र थापा मगर, नेविसंघ नेता किशोर गुरुङ, जगत शंकर पौडेल, राजेश्वर कमली, प्रविण घिमिरेलगायत पनि उपस्थित थिए ।

भेलाको संयोजन गरेकी नेविसंघ पूर्वकेन्द्रीय सदस्य ढकालले पार्टी सभापति देउवाले नेविसंघमा एक जना सभापति मात्र छानेर सिंगो भ्रातृ संगठनप्रति अन्याय गरेकाले त्यसविरुद्ध आवाज उठाउन भेला बोलाएको बताइन् । उनले देशको सरकार चलाइरहेको कांग्रेस बलियो भयो भने देश बलियो हुने बताइन् । र, भ्रातृ संघ बलियो भए मात्रै कांग्रेस बलियो हुने उनको भनाइ छ ।

ढकालले अध्यक्ष मात्रैले सिंगो संगठनको प्रतिनिधित्व गर्न नसक्ने बताइन् । नेविसंघको सभापति भएर पटक-पटक पार्टी सभापतिका साथै प्रधानमन्त्री भएका देउवाले संगठनको पूर्णतामा जाँगर नदेखाएको भन्दै उनले दुःख व्यक्त गरिन् ।

देउवाले नेविसंघको सभापतिमा दुजाङ शेर्पालाई मनोनयन गरेका छन् । कार्यसमितिलाई पूर्णता दिइएको छैन । सोमबार सकिएको कांग्रेसको केन्द्रीय समिति बैठकले यही साउनभित्र नेविसंघलगायतका भ्रातृ संस्थालाई पूर्णता दिने निर्णय गरेको छ ।

## नागरिकता विधेयकमा एमालेको संशोधन प्रस्ताव




■ प्रभाव संवाददता

**काठमाडौं–** प्रमुख प्रतिपक्षी दल नेकपा एमालेले नेपाली नागरिक पुरुषसँग विवाह गर्ने विदेशी महिलालाई सात वर्षपछि मात्र अंगीकृत नागरिकता दिने व्यवस्था गर्नुपर्ने प्रस्ताव गरेको छ । एमालेका सांसदहरूले नागरिकता विधेयकमा वैवाहिक अंगीकृत नागरिकता प्राप्त गर्न नेपालमा निरन्तर सात वर्ष बसेको हुनुपर्ने प्रावधान राख्न संशोधन प्रस्ताव दर्ता गराएका हुन् ।

एमाले सांसदहरू भीम रावल, कृष्णभक्त पोखरेल, सूर्य पाठक, शान्तिमाया पाख्रिनलगायतले राज्य व्यवस्था समितिले तयार पारेको प्रतिवेदनमा जस्तै वैवाहिक अंगीकृत नागरिकता प्राप्त गर्न सात वर्ष नेपालमा निरन्तर बसोबास गरेको हुनुपर्ने व्यवस्था राख्न संसद् सचिवालयमा संशोधन प्रस्ताव दर्ता गराएका छन् ।

संशोधन प्रस्ताव दर्ता गराउनेमध्येकी एक सांसद पाख्रिनले राज्य व्यवस्था समितिमा जुटेको सहमतिविपरीत सरकारले विधेयक ल्याएकाले संशोधन प्रस्ताव दर्ता गराएको बताइन् ।

२०७५ सालमा प्रतिनिधिसभामा दर्ता भएर राज्य व्यवस्था समितिले छलफलपछि संशोधनसहित तयार पारेको प्रतिवेदनमासमेत वैवाहिक अंगीकृत नागरिकता प्राप्त गर्न नेपाली नागरिकसँग विवाह गरेको सात वर्षसम्म निरन्तर नेपालमा बसोबास गरेको हुनुपर्ने व्यवस्था राख्न प्रस्ताव गरेको थियो । वर्तमान सरकारले उक्त विधेयक फिर्ता लिइसकेको छ ।

सरकारले संसद्मा पेस गरेको नयाँ विधेयकमा वैवाहिक अंगीकृत नागरिकता प्राप्त गर्न कुनै समयको पावन्दी लगाउनेगरी प्रस्ताव गरेको छैन । संसद् सचिवालयका अनुसार नागरिकता विधेयकमा ५० सांसदले २९ वटा संशोधन दर्ता गराएका छन् । यसमा अधिकांश एमालेका सांसद छन् । कांग्रेसका कुनै पनि सांसदले संशोधन पेस गरेका छैनन् ।

'नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध कायम गरेकी विदेशी महिलाले नेपालको अंगीकृत नागरिकता लिन चाहेमा सात वर्षसम्म नेपालमा स्थायी बसोबास गरेको रहेछ भने निजले नेपालको अंगीकृत नागरिकता प्राप्त गर्नेछ' भन्ने व्यवस्था राख्न एमाले सांसदहरूको माग गरेका छन् । सात वर्षसम्मका लागि भने स्थायी बसोबास अनुमतिपत्र दिने र त्यस्तो व्यक्तिलाई राजनीतिकबाहेक आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार हुने व्यवस्था गर्न उनीहरूको संशोधन प्रस्तावमा उल्लेख (बाँकी पृष्ठ ५ मा)

**सन्दर्भ : वैदेशिक रोजगार**

# उजुरी दोब्बरले बढ्दा दाबी रकम घट्यो

■ प्रभाव संवाददाता

**काठमाडौं–** गएको आर्थिक वर्षमा वैदेशिक रोजगार विभागमा उजुरीको संख्या दोब्बरभन्दा बढीले बढ्दा दाबी रकम भने घटेको छ । अघिल्लो आर्थिक वर्षको तुलनामा आव २०७८/७९ मा एक हजार ७४२ उजुरी दर्ता भएको विभागले जानकारी दिएको छ । उक्त संख्या आव २०७७/७८ को तुलनामा ९६२ ले बढी हो । उक्त आवमा ७८० वटा उजुरी दर्ता भएका थिए ।

वैदेशिक रोजगारीसँग सम्बन्धित उजुरीहरू विभागमा दर्ता हुने गरेको छ । यस्ता उजुरीमाथि विभागले आवश्यक कारबाही गर्ने गर्दछ । गत आवमा दर्ता भएका उजुरीमाथि छानबिन गरी विभागले ८७ वटा मुद्दा अदालतमा दायर गरेको जनाएको छ । यसैगरी ४१५ वटा उजुरीमा मिलापत्र भएको तथ्यांक विभागले सार्वजनिक गरेको छ ।

विभागका अनुसार गत आवमा कूल ६५ करोड ७१ लाख ५८ हजार ७६० रूपैयाँ बराबर रकम ठगी भएको भन्दै विभागमा दाबी परेको




थियो । जसमध्ये धरौटी र मिलापत्रबाट ३१ करोड ७९ लाख १८ हजार ६८५ रूपैयाँ रकम पीडितलाई फिर्ता गराइएको विभागले जानकारी दिएको छ । यसैगरी २२ करोड ६८ लाख ९४ हजार ४५० रूपैयाँ रकम अदालतमा बिगो मागदाबी गरिएको छ ।

विभागमा परेको दाबी रकम भने अघिल्लो आवको तुलनामा घटेको पाइएको छ । आव २०७७/७८ मा कूल एक अर्ब ३१ करोड ५४ लाख ९५ हजार २०९ रूपैयाँ ठगीको दाबीसहित विभागमा उजुरी परेको थियो । आव २०७८/७९ मा यस्तो दाबी ६५ करोड ७१ लाख ५८ हजार ७६० रूपैयाँ मात्रै परेको हो ।

आव २०७७/७८ मा दाबी परेकोमध्ये २१ करोड सात लाख ३५ हजार १२० रूपैयाँ धरौटी तथा मिलापत्रबाट भराइएको थियो । यस्तै, १७ करोड ९२ लाख ५२ हजार ३७० रूपैयाँ बिगो कायम गरी अदालतमा मुद्दा दायर गरिएको थियो ।

गत आवमा अघिल्लो आवको तुलनामा वैदेशिक रोजगारीमा जानेको संख्या पछिल्लो पाँच वर्षयताकै उच्च कायम भएको विभागको तथ्यांकमा उल्लेख छ । आव २०७७/७८ को तुलनामा आव २०७८/७९ मा चार लाख ६१ हजार ८०५ जना बढी वैदेशिक रोजगारीमा गएका थिए । पछिल्लो आवमा वैदेशिक रोजगारीमा जान कूल छ लाख २८ हजार ५०३ जनाले श्रम स्वीकृति लिएको विभागले जनाएको छ ।

# एक वर्षभन्दा बढी म्याद भएका राहदानी नवीकरण नहुने

■ प्रभाव संवाददाता

**काठमाडौं–** राहदानी विभागले एक वर्षभन्दा बढी म्याद बाँकी भएका राहदानी नवीकरण नहुने जनाएको छ । विभागले एक सूचना जारी गरी एक वर्षभन्दा कम म्याद भएको राहदानी मात्र नवीकरण हुने प्रस्ट पारेको हो ।

केही एजेन्सीले दुई वा तीन वर्षभन्दा बढी म्याद भएका राहदानीवाहकलाई मात्र भिसासम्बन्धी प्रक्रिया अगाडि बढाउने भन्दै नवीकरणका लागि पठाउने गरेको भन्दै त्यस्तो नगर्न विभागले सचेत गराएको छ । एक वर्षभन्दा बढी म्याद भए नवीकरणका लागि निवेदन नदिन विभागले आग्रह गरेको छ । विभागले राहदानी ऐन, २०७६ को दफा (१२) मा राहदानीवाहकको नाममा जारी भएको राहदानीको बहाल अवधि एक वर्षभन्दा बढी बाँकी रहेको अवस्थामा राहदानी जारी नगर्ने व्यवस्था रहेको स्पष्ट पारेको छ ।

'हाल केही सेवाग्राहीहरूले यन्त्रवाचक राहदानी (एमआरपी) को बहाल म्याद एक वर्षभन्दा बढी रहेको अवस्थामा पनि विभिन्न एजेन्सीहरूले दुई वा तीन वर्षभन्दा बढी बहाल म्याद भएको राहदानी उपलब्ध गराएमा मात्र विदेश जान भिसासम्बन्धी प्रक्रिया अघि बढाउने जानकारी दिएकोले नयाँ विद्युतीय राहदानी बनाउनुपर्ने भनी विभागमा आवेदन दिन आउने र नयाँ राहदानी बनाइदिन अनुरोध गर्ने गरेको पाइएको छ,' विभागले जारी गरेको सूचनामा भनिएको छ, 'राहदानी ऐनअनुसार राहदानीको बहाल अवधि एक वर्षभन्दा बढी बाँकी रहेको अवस्थामा राहदानी नवीकरण नहुने तथा नयाँ राहदानीको लागि आवेदन गर्न नसकिने भएकोले राहदानी विभाग, जिल्ला प्रशासन कार्यालयहरू र विदेशस्थित नेपाली नियोगहरूमा आवेदन नगर्नुहुन अनुरोध छ ।'

साथै, एमआरपीको बहाल अवधि एक वर्षभन्दा कम भएमा मात्र राहदानी नवीकरणका लागि विद्युतीय राहदानीमा आवेदन गर्न सकिने विभागले जनाएको छ । 'राहदानीको बहाल म्याद छ महिनाभन्दा बढी भएमा अन्तर्राष्ट्रिय यात्रा गर्न सकिने हुन्छ । राहदानी आफूलाई आवश्यक नहुँदाको अवस्थामा बहाल म्याद एक वर्षभन्दा कम वा बहाल म्याद समाप्त भए पनि तुरुन्त बनाउनु नपर्ने र यसरी नबनाउँदा कुनै अतिरिक्त शुल्क नलाग्ने भएकोले आफूलाई आवश्यक पर्दामात्र राहदानी बनाउनका लागि आवेदन गर्न सकिनेछ,' विभागको सूचनामा उल्लेख छ ।



## साउनको पहिलो सोमबार

# देशभरका शिवालयमा भक्तजनको भीड

■ पूर्णप्रसाद मिश्र

**काठमाडौं–** पशुपति क्षेत्रमा भजन र शिव महिमाका श्लोक घन्किएका छन् । रातो र हरियो पहिरनमा सजिएका महिलाको पशुपति क्षेत्रमा भीड लागेको छ ।

बाँसबारीबाट साउने सोमबार पारेर पशुपतिनाथ मन्दिरमा दर्शनका लागि आएकी सुशीला गिरी लामो लाइनका कारण बाहिरबाटै दर्शन गरेर फर्कनुपरेको बताइन् । गत दुई वर्षका साउन महिनामा कोरोना महामारीका कारण मन्दिर बन्द गरिएकाले यस वर्ष धेरै भक्तजन दर्शनका लागि आएका छन् ।

साउन महिनाको पहिलो सोमबार वैदिक सनातन हिन्दू धर्मावलम्बीले व्रत बसी भगवान् शिवको विधिपूर्वक पूजा आराधना गरी मनाउँछन् । यसका लागि विश्व सम्पदा सूचीमा सूचीकृत आराध्यदेव पशुपतिनाथ मन्दिर परिसरमा बिहान ३ बजेदेखि नै भक्तजनको भीड लागेको थियो । पशुपति क्षेत्र विकास कोषले बिहान ३ बजेदेखि नै चारै ढोका खुला गरेको संस्कृति संरक्षण महाशाखा प्रमुख गौरीशंकर पराजुलीले जानकारी दिए । सोमबार दिनभरमा करिब पाँच लाख भक्तजनले मूल मन्दिर प्रवेश गरेर दर्शन गर्ने गरी व्यवस्था मिलाइएको उनले बताए ।

सोमबार विशेष पूजाका लागि १६० भक्तजनले रसिद काटेका थिए । साउन महिनामा सात हजार ५०० रूपैयाँभन्दा कमको टिकट नकाटिने कोषले जनाएको छ । कोषले साउन १ गतेदेखि विशेष पूजाको शुल्क एक हजार १०० रूपैयाँबाट बढाएर दुई हजार १०० रूपैयाँ पुर्‍याएको छ ।

साउने सोमबारका अवसरमा विशेषगरी महिलाले विधिपूर्वक व्रत बसेर शिवालयमा गई पूजा आराधना गर्छन् । साउन महिना र सोमबार भगवान् शिवको महिना एवं बार भएकाले बिहानै स्नान गरी शिवालयमा पूजाआजा एवं दर्शन गरेमा मनोकांक्षा पूरा हुने, अटल सौभाग्य प्राप्त हुने धार्मिक विश्वास छ ।

**भक्तजनलाई निःशुल्क भोजन**

पशुपति क्षेत्रमा आउने भक्तजनका लागि मारवाडी समाजले निःशुल्क भोजनको व्यवस्था मिलाएको छ । मारवाडी सेवा समितिका महासचिव प्रमोद अग्रवाल असार ३२ गते शनिबारदेखि एक महिना पशुपति क्षेत्रमा पशुपतिनाथको प्रसादका रूपमा निःशुल्क भोजनको व्यवस्था गरिएको बताउँछन् । यो व्यवस्था सोमबारबाहेकका दिन पनि निरन्तर हुनेछ ।

यसअघि मगन्तेरहित घोषणा गरिएको पशुपति क्षेत्रमा साउने सोमबारका अवसरमा धेरै मानिस माग्न बसेको देखियो । महाशाखा प्रमुख पराजुली भने कोरोना महामारीपछि मानवीयताका नाताले मगन्ते हटाउन बल प्रयोग नगरिएको बताउँछन् ।

साउन महिनाका अवसरमा पशुपति क्षेत्रमा अतिरुद्राभिषेक कार्यक्रम पनि आयोजना गरिएको छ । महायोग सिद्ध परिवारले आयोजना गरेको महायज्ञ सोमबार सुरु भई साउन १० गते सम्पन्न हुने जनाइएको छ । अति रुद्राभिषेकमा १२१ ब्राह्मण पण्डितले रुद्राभिषेक गर्ने आयोजक समितिले जनाएको छ ।

**अन्य शिवालयमा पनि भक्तजनको भीड**

राजधानीका अन्य शिवालयमा पनि रातो एवं हरियो पहिरनमा सजिएका भक्तजनले भरिभराउ देखियो । विवाहित महिलाले श्रीमान्‌को दीर्घजीवनको कामना र अविवाहित महिलाले योग्य वरको कामना गर्दै साउने सोमबारको व्रत बस्ने भन्ने भनाइ प्रचलित छ । धर्मशास्त्रविद् एवं नेपाल पञ्चांग निर्णायक समितिका पूर्वअध्यक्ष प्रा.डा. रामचन्द्र गौतम भने सुख, शान्ति एवं समृद्धिका लागि साउन महिना र सोमबार सबैले शिवको उपासना गर्नुपर्ने शास्त्रीय वचन धार्मिक ग्रन्थमा रहेको बताउँछन् ।

घरघरमा महिलाले परिवारका सबै सदस्यको सुख, शान्ति एवं पारिवारिक समृद्धिका लागि व्रत बसी पूजाआजा गर्छन् । यस वर्ष साउनमा पाँच वटा सोमबार परेको छ । साउन २, ९, १६, २३ र ३० गते सोमबार परेको छ । पहिलोपटक साउने सोमबारको व्रत गर्नेले पाँच वटा सोमबार परेको वर्षबाट सुरु गर्नुपर्छ भन्ने मान्यतासमेत छ । विशेष कामनासहित साउनको सोमबारको व्रत गर्नेहरूले अन्तिम सोमबार गोदान, पूर्णपात्रसहित कामना पूर्ण होस् भनी व्रत समापन गर्छन् ।



**गोकर्णेश्वर मन्दिरमा भक्तजनको लर्को**

यसैगरी राजधानीको उत्तर पूर्वी भेगमा रहेको गोकर्णेश्वर महादेव मन्दिरमा पनि साउने सोमबारका अवसरमा भक्तजनको बिहानैदेखि भीड लागेको छ ।

पशुपतिनाथमा श्रीयन्त्र र गोकर्णेश्वरमा बाल यन्त्रको पूजा आराधना गर्ने प्राचीन कालेखिको परम्परा रहेकाले एउटा मन्दिरमा पूजा एवं दर्शन गर्ने भक्तजन अर्को मन्दिरमा पनि जानुपर्ने मान्यतासमेत छ । यही मान्यताका आधारमा पशुपतिनाथ मन्दिर दर्शन गरेको अधिकांश भक्तजन गोकर्णेश्वरमा आउन थालेका छन् । मन्दिर दर्शनका लागि आउने भक्तजनका लागि आवश्यक व्यवस्था मिलाइएको मन्दिर क्षेत्र प्रबन्ध समितिको अध्यक्षसमेत रहेका गोकर्णेश्वर नगरपालिका वडा नं. ४ का अध्यक्ष जयराम महतले बताए ।

**सुन्दरीजल-पशुपतिनाथ बोल बम यात्रा**

बागमतीको मुहानस्थल सुन्दरीजलबाट शुद्ध जल ल्याई पशुपतिनाथ मन्दिरमा अर्पण गर्ने भक्तजनको पनि सोमबार बिहानैदेखि भीड लागेको छ । कोषका संस्कृति संरक्षण महाशाखा प्रमुख पराजुली सुन्दरीजलबाट शुद्ध जल ल्याई चढाउन चाहने भक्तजनका लागि एउटा ढोकाको व्यवस्था गरिएको बताउँछन् । आइतबार राति नै सुन्दरीजल गई बसेका भक्तजन बिहानै स्नान गरी शुद्ध जल लिएर पशुपतिनाथमा आएर चढाउने परम्परा छ ।

यसरी जल चढाउने परम्परालाई भक्तजनले बोल बम भन्छन् । पहेँलो कपडा लगाएका भक्तजन हातमा काँवरसहित घडामा जल लिएर खाली गोडा बोल बम उच्चारण गर्दै सुन्दरीजलबाट पशुपतिनाथ मन्दिर पुग्छन् । यसरी बोल बम यात्रा गर्ने दर्शनार्थीले गोकर्णेश्वर महादेव मन्दिरलगायत बीच बाटोमा पर्ने शिवालयमा पनि शुद्ध जल चढाउने परम्परा कोरोनाका कारण दुई वर्ष प्रभावित भएको थियो । कोरोनाको प्रभाव कम भएसँगै यसले फेरि निरन्तरता पाएको छ ।

भगवान् शिवलाई जलधारा प्रिय हुने भएकाले साउन महिनामा नदीबाट शुद्ध जल, गाईको दुध लगायत अर्पण गर्ने परम्परा छ । वर्षमा एक पटक साउन महिनामा घर घरमा वैदिक रुद्राभिषेक गर्ने परम्परासमेत नेपाली समाजमा चल्दै आएको छ । यसरी रुद्राभिषेक गरेमा घरमा नराम्रो शक्तिको प्रवेश नहुने, सुख शान्ति एवं ऐश्वर्य प्राप्ति हुने पौराणिक मान्यतासमेत छ । *रासस*

# 'नागरिकता विधेयक जतिसक्दो चाँडो पारित गर्नुपर्छ'

■ प्रभाव संवाददाता

**काठमाडौं–** राष्ट्रिय सभाका सांसदहरूले नागरिकतासम्बन्धी विधेयक जतिसक्दो चाँडो पारित गर्नुपर्ने माग गरेका छन् । राष्ट्रिय सभाको सोमबारको बैठकमा सांसदहरूले उक्त माग गरेका हुन् ।

बैठकको सुरुमै दलीय आधारमा बोल्दै नेकपा एमालेका सांसद खिमलाल भट्टराईले नागरिकताको विषय धेरै गम्भीर भएकोले यसलाई द्रुत गतिबाट टुंग्याउनुपर्ने बताए । राष्ट्रिय सभाबाट छिटोभन्दा छिटो पास गर्नुपर्ने र सरकार यसमा गम्भीर बन्नुपर्नेमा उनले जोड दिए ।

उनले पछिल्लो समयमा बढ्दै गएको महँगीको अन्त्य गर्नुपर्ने मागसमेत गरे । संघीयतालाई बलियो बनाउनेभन्दा पनि कमजोर बनाउने गरी सरकारले गतिविधि गरिरहेको उनले टिप्पणी गरे । रूपन्देहीको तिलोत्तमा नगरपालिकामा आइतबार भएको घटनाबारे आपत्ति जनाउँदै उनले त्यसबारे गृहमन्त्रीको जवाफ माग गरे । उनले सार्वजनिक लेखा समितिको सभापति आफैंले लेखापरीक्षण गरेको भन्दै राजीनामाको माग गरे ।

नेकपा माओवादी केन्द्रकी सांसद बिना पोखरेलले नागरिकता विधेयक राष्ट्रियतासँग जोडिएको संवेदनशील विषय भएको बताइन् । नागरिकतासम्बन्धी विधि सरल भए पनि नीति कठोर हुनुपर्ने उनको धारणा थियो । 'नागरिकताको विषयमा छिमेकी मुलुकले गरेको कानुनी व्यवस्था र प्रयोगलाई पनि हेरिनुपर्दछ, नागरिकता प्रदान गर्ने विधि सरल तर नागरिकतासम्बन्धी हाम्रो नीति भने कठोर हुनुपर्दछ,' उनले भनिन् ।

नेपाली कांग्रेसका सांसद जीतेन्द्रनारायण देवले नेपालको परराष्ट्र नीति प्रस्ट र एक रूपता हुनुपर्नेमा जोड दिए । उनले एमसिसीका बारेमा भएका टीका टिप्पणीबारे सरकारको प्रस्ट धारणा बन्नुपर्ने बताए ।

# मुक्तकमैयालाई आत्मनिर्भर बनाउन प्रधानमन्त्रीको जोड

■ प्रभाव संवाददाता

**काठमाडौं–** प्रधानमन्त्री शेरबहादुर देउवाले मुक्तकमैयालाई आत्मनिर्भर बनाउन तीनै तहको सरकारले काम गर्नुपर्ने बताएका छन् । कमैया मुक्त घोषणाको २२ वर्ष पुगेका अवसरमा सोमबार आयोजित कार्यक्रममा प्रधानमन्त्री देउवाले मुक्तकमैयाहरूको स्वतन्त्रता, स्वाभिमान र आत्मसम्मान बढाउन तीन वटै तहका सरकारसँगै सरोकारवाला प्रतिबद्ध हुन आवश्यक रहेको बताएका हुन् ।

उनले मुक्तकमैयाको समस्या पहिचान र समाधानका उपाय खोज्न भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयलाई निर्देशन दिएका छन् । 'यस कुप्रथालाई निर्मूल गर्न जरुरी छ । यसका लागि आवश्यक काम कारबाहीका लागि निर्देशन दिन चाहन्छु,' उनले भने ।

हरूवाचरुवालगायत कमैया श्रमिकको मुक्तिका साथसाथै तिनका परिवारका लागि रोजगारीको अवसरको सिर्जना गरी आयआर्जन बढाउने कार्य पनि उत्तिकै आवश्यक रहेको उनले बताए । यस किसिमको श्रमिक परिवारको दिगो सामाजिक आर्थिक उन्नतिका लागि सीप र क्षमता विकास गर्दै उनीहरूलाई आत्मनिर्भर बनाउन र उद्यमशीलता बढाउन विशेष लक्षित कार्यक्रम प्राथमिकताका साथ सञ्चालन गर्न पनि सम्बद्ध सबै निकायलाई प्रधानमन्त्रीले निर्देशन दिए ।

प्रधानमन्त्री देउवाले कमैया प्रथा निषेध गर्नेसम्बन्धी ऐन वि.सं. २०५८ मार्फत हरूवाचरुवालगायत सबै किसिमका कमैया श्रमिक परिवारको असमान श्रम सम्बन्ध र शोषणयुक्त प्रथाको अन्त्य तथा ऋण मोचन गरिसकेको पनि कार्यक्रममा जानकारी गराए ।


**व्यास नगरपालिका भएर बग्ने मादी नदीको कलेस्ती देखि सिसाघाट (खण्ड ख) सम्मको क्षेत्रबाट ढुङ्गा, गिट्टी र बालुवाको दिगो सङ्कलन उत्खनन् कार्यको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना**

**( प्रथम पटक प्रकाशित मिति : २०७९/०४/०३)**

गण्डकी प्रदेश, तनहुँ जिल्ला, व्यास नगरपालिका वडा नं ६ र ७ मा व्यास नगरपालिका द्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | व्यास नगरपालिका, गण्डकी प्रदेश, तनहुँ जिल्ला, दमौली<br>फोन नः ०६५-५६००३३/५६०६३२/५६०१६३<br>ईमेल नः vyasmunicipality@gmail.com |
| **प्रस्तावको व्यहोरा** | व्यास नगरपालिका भएर बग्ने मादी नदीको कलेस्ती देखि सिसाघाट (खण्ड ख) सम्मको क्षेत्रबाट ढुङ्गा, गिट्टी र बालुवाको दिगो सङ्कलन उत्खनन् कार्य |
| **प्रभाव पर्ने सक्ने जिल्ला/न.पा/गाँ.पा.** | तनहुँ जिल्ला, व्यास नगरपालिका वडा नं ६ र ७ |

माथि उल्लिखित प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणाली बीच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको न.पा./गा.पा. तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगानाः**

| प्रस्तावकको नाम र ठेगानाः | परामर्शदाताको नाम र ठेगाना |
|---|---|
| व्यास नगरपालिका<br>गण्डकी प्रदेश, तनहुँ जिल्ला, दमौली<br>फोन नः ०६५-५६००३३/५६०६३२/५६०१६३<br>ईमेल नः vyasmunicipality@gmail.com | डिभा मुस्कान कन्सल्ट प्रा. लि.<br>बाग्मति प्रदेश, कुसुन्ती-१३, ललितपुर<br>फोन नः ९८५१२१९३४१<br>इमेलः dmcengg2008@gmail.com |


## आजको राशिफल




**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरू**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com


साउन ३ गते मंगलबार (तिथिः षष्ठी, नक्षत्रः उ.भा., कृष्णपक्ष)

**मेष** – सबै कार्यमा सावधानी अपनाउनुहोला ।

**वृष** – लामो यात्राका लागि राम्रो योग छैन ।

**मिथुन** – नयाँ काम बन्नेछ ।

**कर्कट** – आकस्मिक लाभको योग छ ।

**सिंह** – मुद्दामा सफलता मिल्ने योग छ ।

**कन्या** – जनसम्पर्क बढ्नेछ ।

**तुला** – काममा बाधा आउनेछ ।

**वृश्चिक** – यश र प्रभाव बढ्नेछ ।

**धनु** – सन्तानको कार्यमा प्रगति हुनेछ ।

**मकर** – धैर्य राखेमात्र सफलता मिल्नेछ ।

**कुम्भ** – अशान्तिको कारण तनाव बढ्नेछ ।

**मीन** – धन प्राप्ति हुनेछ ।

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आ'खा बैंक | ४४९३६८४ |
| नेपाल आ'खा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आ'खा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेशनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेशनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगन्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ॐ हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातव्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालय/शववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्स/रक्तसञ्चार सेवा नेशनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| हृयाम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आर्यघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

साउन ३ गते, २०७९, १९ जुलाइ २०२२

| मुद्रा | इकाई | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १२१।७६ | १२२।३६ |
| युरो | १ को | १२३।२२ | १२३।८८ |
| पाउन्ड स्टिर्लङ | १ को | १५२।०० | १५२।७५ |
| स्विस फ्रैन्क | १ को | १२६।०९ | १२६।७१ |
| अस्ट्रेलियन डलर | १ को | ७७।२५ | ७७।६३ |
| क्यानाडियन डलर | १ को | ८७।२६ | ८७।६९ |
| सिंगापुर डलर | १ को | ८६।१८ | ८६।६० |
| जापानी येन | १० को | ११।२३ | ११।२९ |
| चिनियाँ युआन | १ को | १७।३१ | १७।३९ |
| साउदी अरब रियाल | १ को | ३२।३८ | ३२।५४ |
| कतारी रियाल | १ को | ३३।४४ | ३३।६१ |
| थाई भाट | १ को | ३।७३ | ३।७५ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३३।१५ | ३३।३१ |
| मलेसियन रिंगेट | १ को | २८।२५ | २८।३९ |
| दक्षिण कोरियन वन | १०० को | १०।०६ | १०।११ |
| स्विडिस क्रोनर | १ को | १२।२६ | १२।३२ |
| डेनिस क्रोनर | १ को | १७।८५ | १७।९३ |
| हङकङ डलर | १ को | १५।७१ | १५।७८ |
| कुवेती दिनार | १ को | ३९१।५२ | ३९३।४५ |
| बहराइन दिनार | १ को | ३२१।०२ | ३२२।६० |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।




**शिवलिंग पूजा गर्दै श्रद्धालु** | साउनको पहिलो सोमबार पवित्र तीर्थस्थल देवघाटधाममा स्नान गरेर शिवलिंगको पूजा गर्दै श्रद्धालु । साउनको सोमबार तीर्थस्थलमा स्नान गरेर शिवलिंगको पूजा गरेमा सुख, शान्ति, समृद्धि प्राप्त हुने जनविश्वास छ । *तस्बिरः रासस*

# कोरोना बढ्न थालेपछि नवलपुरमा मास्क अनिवार्य



■ प्रभाव संवाददाता

**नवलपुर–** दिन प्रतिदिन कोभिड-१९ को संक्रमण बढ्न थालेपछि (बर्दघाट-सुस्तापूर्व) प्रशासनले अनिवार्य रूपमा मास्क लगाउन निर्देशन दिएको छ ।

जिल्लामा कोरोना संक्रमण बढ्न सक्ने देखिएपछि जोखिम न्यूनीकरणका लागि जिल्ला प्रशासन कार्यालय नवलपरासी (बर्दघाट-सुस्तापूर्व)ले अनिवार्य रूपमा मास्क लगाउन जिल्लावासीलाई निर्देशन दिएको हो ।

प्रमुख जिल्ला अधिकारी सुमन घिमिरेले आइतबार निर्देशन दिँदै स्वास्थ्य सतर्कता अपनाउन जिल्लावासीमा मास्क लगाउन आग्रह गरिएको छ । कोभिड-१९ को संक्रमण रोकथाम र उपचार व्यवस्था सम्बन्धमा आइतबार बसेको बैठकको सिफारिसका आधारमा जिल्लाका सरकारी तथा सार्वजनिक स्थानमा अनिवार्यरूपमा मास्क लगाउन सर्वसाधारणमा आग्रह गरिएको हो । उनले अनिवार्य रूपमा मास्कको प्रयोग गर्ने गराउने, साबुनपानीले हात धुने, सामाजिक दूरी कायम गर्नुपर्ने गरी आदेश जारी गरिएको बताए ।

आदेशमा सरकारी वा सार्वजनिक प्रकृतिका सबै कार्यालय, विद्यालय तथा संघसंस्थामा सेवा लिादा र दिादा अनिवार्य रूपमा मास्क प्रयोग गर्नुपर्ने उल्लेख गरिएको छ । जिल्लामा कोभिड-१९ सम्बन्धी सुरक्षा सतर्कता बढाइएसँगै यसको अनुगमनलाई समेत अगाडि बढाउने घिमिरेको भनाइ छ ।

त्यस्तै कोरोना जेखिम कम गर्न देशका २७ जिल्लाका पााच वर्षदेखि १२ वर्षमुनिका बालबालिकाकालाई कोरोना भाइरसविरुद्धको खोपको दोस्रो मात्रा सोमबारबाट लगाइँदै छ ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले गत असार ९ गतेदेखि १५ गतेसम्म खोप लगाएका बालबालिकालाई सोमबारदेखि दोस्रो मात्रा लगाउन थालेको हो । ती जिल्लाका बालबालिकालाई खोप लगाउनका लागि विद्यालयमा नै खोप केन्द्र स्थापना गरिएको छ । उनीहरूलाई कोरोना भाइरसविरुद्धको 'फाइजर बायोएनटेक' खोप लगाउन थालेको हो । पहिलो मात्रा २१ लाख बालबालिकालाई लगाइएको थियो ।

प्रदेश नं.१ को झापा, इलाम, सुनसरी र मोरङ, मधेस प्रदेशको सप्तरी, सिराहा, धनुषा, महोत्तरी र पर्सा, बागमती प्रदेशको मकवानपुर, सिन्धुली, चितवन, काभ्रेपलाञ्चोक, काठमाडौं, भक्तपुर र ललितपुर छन् ।

यस्तै गण्डकी प्रदेशको कास्की र नवलपरासी पूर्व, लुम्बिनी प्रदेशको नवलपरासी पश्चिम, रूपन्देही, दाङ, बााके र बर्दिया, कर्णाली प्रदेशको सुर्खेत र सुदूरपश्चिम प्रदेशको कैलाली, कञ्चनपुर र डडेल्धुराका बालबालिकालाई पनि कोरोना भाइरसविरुद्धको खोप लगाइँदै छ ।

# प्रदेश र समानुपातिक प्रणाली खारेजीको माग

■ प्रभाव संवाददाता

**काठमाडौं–** प्रदेश र समानुपातिक निर्वाचन प्रणाली खारेज नगरे कडा आन्दोलन गर्ने नेपाल स्वतन्त्र नागरिक सञ्जालले चेतावनी दिएको छ ।

सञ्जालले आउँदो शुक्रबार दिनको २ बजे माइतीघरमा प्रदेश र समानुपातिक प्रणाली खारेजीको माग गर्दै शान्तिपूर्ण प्रदर्शन गर्ने जानकारी समेत दिएको छ ।

नेपाल स्वतन्त्र नागरिक सञ्जालका संयोजक दिनेश सुवेदीले अबको चुनाव अघि नै प्रदेश र समानुपातिक प्रणाली खारेज हुनुपर्ने माग गरे । उनले आगामी साउन ६ गते शुक्रबार दिनको २ बजे माइतीघरमा विरोध प्रदर्शन गर्ने समेत बताए ।

नेपालमा संघीय शासन प्रणाली अर्थात् प्रदेशहरू खारेज गरी संविधानमा दुई तहको सरकार मात्र हुने व्यवस्था गर्न माग अघि सार्दै प्रधानमन्त्री शेरबहादुर देउवासहित शीर्ष नेताहरूलाई ज्ञापनपत्र बुझाउने जानकारी समेत गराए । संयोजक सुवेदीले देशलाई अस्थिर बनाउन कसैको बहुमत नआउने समानुपातिक तथा प्रत्यक्ष सहितको मिश्रित निर्वाचन प्रणाली खारेज गर्दै बहुमतिय पहिलो हुने प्रत्यक्ष निर्वाचन प्रणाली कायम गर्नुको विकल्प नभएको बताए । संवैधानिक निकाय, कुटनीतिक नियोग र सार्वजनिक निकायहरूमा हुने गरिएको राजनीतिक नियुक्ति बन्द गरी निष्पक्ष सक्षम व्यक्ति जाने प्रणाली संविधानमै व्यवस्था गर्नुपर्ने सरकारसमक्ष सञ्जालले स्पष्ट रूपमा माग राखेको छ । सञ्जालको सांसद विकास कोष मार्फत सांसदहरूले करोडौं प्रत्यक्ष खर्च गर्न नपाउने व्यवस्था संविधानमै गर्नुपर्ने माग छ ।



सुवेदीले देशमा अब परिवर्तनको लहर ल्याउन सञ्जालको गठन गरेको बताए । उनले मुलुक अत्यन्तै गम्भिर मोडमा पुगेको भन्दै देशलाई अस्थिरताबाट जोगाउन स्वतन्त्र नागरिकहरूले उठ्नुपर्ने बेला आएको टिप्पणी गरे । १० वर्ष लगाएर जनताको हातबाट संविधान लेखाइएको भए पनि समानुपातिक र प्रत्यक्ष निर्वाचन प्रणाली लागू गरेर त्यसलाई दु रूपयोग गरेको आरोप लगाए ।

उनले सञ्जालले राखेका ४ वटा माग संविधान संशोधन गरेर चुनाव अघि नै सरकारले माग सम्बोधन गर्न पर्ने धारणा राखे । सञ्जालले उठाएको मुद्दा सम्बोधन गर्नका लागि आउँदो शुक्रबार २ बजे कोटेश्वरबाट बृहत ऱ्याली गर्दै माइतीघर मण्डलामा शान्तिपूर्ण कार्यक्रम गर्ने संयोजक सुवेदीले जानकारी दिए ।

सञ्जालका सदस्य समेत रहेका ललितपुर क्षेत्र नम्बर २ बाट प्रतिनिधि सभा सदस्यको उम्मेदवारी घोषणा गरेका डा.दीपेश केसीले देशमा विद्रोहको लहर चलिसकेको बताए । उनले देशको चित्तमाथि नै प्रहार भएकाले अस्तित्व जोगाउनका लागि गाउँ टोलबाट विद्रोहको लहर चलेको र यसबाट दलीय राजनीतिका नाममा धनवाद र डनवाद हावी गराएकाहरू आत्तिएको बताए । दलहरूले जनताको जनचाहाना विपरित हिडेकोले ठूलो धक्का खाने ठोकुवा गरे ।

डा.केसीले देश भनेको ढुंगो माटो मात्र नभएर संस्कार, धर्म, प्रणाली, पद्धति, भविष्य, इतिहास पनि भएको बताए । अहिले देशमाथिको इतिहासमा प्रहार भइरहेको उनले टिप्पणी गरे । दलीय सिन्डिकेट बनाएर केही व्यक्तिहरूले देशको अस्तित्व मेट्न खोजेको उनको आरोप थियो ।

पत्रकार सम्मेलनमा बोल्दै सञ्जालका सदस्य सुनिल केसीले देशमा राजनीतिक दल, दल जस्ता नभएको र नेता-नेता जस्तो नभएको बाताए । उनले नेता र दलहरूले जनताको सर्वोपरी हित नसोचेको समेत आरोप लगाए । गलत बाटोमा हिड्नेलाई सही मार्गमा हिडाउने र उनीहरूलाई सहि पैरवी गर्ने हेतुले सञ्जाल गठन गरेको बताए ।

# पुनःस्थापनाका २२ वर्षमा पनि मुक्तकमैयाका दुःख उस्तै

■ शेरबहादुर सिंह

महेन्दनगर- कञ्चनपुरको बेदकोट नगरपालिका-५ धरमपुर मुक्तकमैयाका शिविरका ३२ वर्षीय लालबहादुर डगौराले महेन्द्रनगरमा मिस्त्री काम नगरेको दिन घरमा चुल्हो बाल्न मुश्किल हुन्छ ।

विसं २०५७ मा कमैया मुक्त हुनुअघि महेन्द्रनगर बजारस्थित वन कार्यालय छेउको खाली जमिनमा बसेर बजारमा मजदुरी गरेर जिविका चलाएका उनी परिवार मुक्तपछि झण्डै आठ किलोमिटर दूरीमा रहेको धरमपुर शिविरमा बसाइँ सरे । पाँच कठ्ठा दिएर सरकारले पुनःस्थापना गरेको २२ वर्ष बितिसक्दा पनि लालबहादुरको सिंगो परिवार नै अहिले ज्याला मजदुरी नगरे खान नपाउने अवस्थामा छ ।

'महेन्द्रनगरमा नौ वर्षदेखि घर बनाउने मिस्त्री काममा मजदुरी गरिरहेको छु', उनले भन, क्षधेरैका बंगला बनायौँ तर हाम्रो उही झुपडी थोत्रो साइकलको यात्रा छ । 'दैनिक काम गरेरबापत ९०० कमाउने उनी धरमपुरका अधिकांश युवायुवती ज्याला मजदुरी गर्न महेन्द्रनगर बजार क्षेत्रमा आउने गरेको बताए ।

क्षठेकेदार मिस्त्रीलाई ९०० र लेवरलाई बढीमा ६०० सम्म दिन्छन', उनले भने, क्षत्यही पैसामा घामपानी नभनी श्रम बेचेर घरको खर्च चलाउँदै आएका छौँ । 'लालबहादुर एक प्रतिनिधि पात्र मात्रै हुन्, उनी जस्तै मुक्तकमैयाका सयौँ युवा अहिले जीविका चलाउन कडा श्रम गरिरहेका छन् ।

'मुक्तकमैयालाई रोजगारीका साथै शैक्षिक अवस्था सुधार गर्नसके मात्रै अवस्थामा सुधार आउन सक्छ' उनले भने, क्षपढ्ने बेला घरको अवस्थाले मजदुरी गर्न आउनुपर्ने भएकाले जीवन ज्याला मजदुरीमै गुजार्नुको विकल्प हुन्न ।'

बेदकोटको धरमपुर मुक्तकमैया शिविरमा सयौँ परिवार आश्रित रहे पनि त्यहाँ अझै खानेपानीको असुविधा छ । क्षगर्मीयाममा तीन महिना त गाउँमा नल्का नै सुक्छन 'उनले भने क्षचुनावका बेला नेता आश्वासन दिन्छन् पछि केही गर्दैनन् ।'

विसं २०५७ साउन २ गते पश्चिमका पाँच जिल्लामा रहेको कमैया प्रथाको अन्त्य गरेको थियो । कञ्चनपुर, कैलाली, बर्दिया, बाँके र दा...मा कमैया मुक्त गरे पनि यहाँ अझै गरिबीका कारण उनको अवस्था उही पुनःस्थापनाअघिको जस्तै छ ।

मुक्तकमैया समाजका जिल्ला अध्यक्ष घासीराम रानाले पुनःस्थापनापछि पनि मुक्तकमैयाका समस्या उस्तै रहेको बताए । उनले अझै २५ हजारभन्दा बढी कमैया परिवार मुक्त हुन बाँकी रहेको दाबी गरे । *रासस*

## गठबन्धन निरन्तरताको पक्षमा...

पृष्ठ १ बाट जारी

कांग्रेसमा अधिकांश भ्रातृ संस्थाको महाधिवेसन भएको छैन । तीमध्ये नेविसंघ, तरूण दल, किसान संघ र आदिवासी जनजाति महासंघमा अध्यक्ष मात्रै नियुक्त गरिएको छ ।

**महँगी नियन्त्रणमा सरकारको ध्यानाकर्षण**

नेपाली कांग्रेसले आफ्नै पार्टीको नेतृत्वमा सरकार हुँदा महँगी नियन्त्रण हुन नसकेकोतर्फ सरकारलाई ध्यानाकर्षण गराएको छ । कांग्रेस केन्द्रीय समितिले जनताको साथमा सरकार छ भन्ने अनुभूति दिलाउन सुझाव दिएको छ ।

'महँगी, कालोबजारी, मलको अभावलगायत जनजीविकाका सवालमा सरकारले विशेष ध्यान दिई जनताले दैनिकरूपमा भोग्नुपरेका समस्या, प्रक्रियागत झण्झट र अप्ठ्याराहरूलाई सहज बनाउनुपर्दछ । जनताको साथमा सरकार छ भन्ने अनुभूति दिलाइरहन सरकार थप क्रियाशील हुन यो बैठक आग्रह गर्दछ,' बैठकको निर्णयमा भनिएको छ ।

साथै, कांग्रेसले रासायनिक मललगायत उपलब्ध गराउन पनि माग गरेको छ । खेती लगाउने बेला किसानले मल नपाएको गुनासो केन्द्रीय सदस्यहरूले बैठकमा राखेका थिए । 'खेती लगाउने बेला हरेक वर्ष नेपाली किसानहरूले भोग्नुपरेको मलको अभाव अन्त्य गर्न दीर्घकालीन समाधानको उपाय अवलम्बन गर्न यो बैठक सरकारसमक्ष आग्रह गर्दछ,' बैठकको निर्णयमा भनिएको छ ।

यसैगरी सुशासन कायम गर्नका लागि शून्य सहनशीलता नीति अंगीकार गरी व्यावहारिक कार्यान्वयन गर्न तथा पारदर्शिता कायम गर्न सरकारलाई सुझाव दिइएको छ । गल्ती गर्ने कसैले पनि उन्मुक्ति नपाउने अवस्थाको सिर्जना गर्न सरकारले कुनै कसर बाँकी नराख्न बैठकले आग्रह गरेको छ । कांग्रेसले अर्थतन्त्रबारे के समस्या छन् र समाधानका उपाय के छन् भन्नेबारे श्वेतपत्र जारी गरी अहिलेको यथार्थ विवरण सार्वजनिक गर्न पनि सरकारसँग माग गरेको छ । अर्थतन्त्रमा देखिएका समस्या समाधान गर्न आवश्यक कार्ययोजना ल्याउन कांग्रेसको माग छ ।


**व्यास नगरपालिका भएर बग्ने मादी नदीको निउरोघारी देखि खहरे डाढखोला सम्मको क्षेत्रबाट ढुङ्गा, गिट्टी र बालुवाको दिगो सङ्कलन उत्खनन् कार्यको वातावरणीय परीक्षण प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना**

(प्रथम पटक प्रकाशित मिति : २०७९/०४/०३)

गण्डकी प्रदेश, तनहुँ जिल्ला, व्यास नगरपालिका वडा नं १३ र १४ व्यास नगरपालिका द्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | व्यास नगरपालिका, गण्डकी प्रदेश, तनहुँ जिल्ला, दमौली<br>फोन नः ०६५-५६००३३/५६०६३२/५६०१६३<br>ईमेल नः vyasmunicipality@gmail.com |
| प्रस्तावको व्यहोरा | व्यास नगरपालिका भएर बग्ने मादी नदीको निउरोघारी देखि खहरे डाढखोला सम्मको क्षेत्रबाट ढुङ्गा, गिट्टी र बालुवाको दिगो सङ्कलन उत्खनन् कार्य |
| प्रभाव पर्ने सक्ने जिल्ला/न.पा/गाँ.पा. | तनहुँ जिल्ला, व्यास नगरपालिका वडा नं १३ र १४ |

माथि उल्लिखित प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणाली बीच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको न.पा./गा.पा. तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाब लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाब उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ ।

**राय सुझाबको लागि पत्राचार गर्ने ठेगानाः**

| प्रस्तावकको नाम र ठेगानाः | परामर्शदाताको नाम र ठेगाना |
|---|---|
| व्यास नगरपालिका<br>गण्डकी प्रदेश, तनहुँ जिल्ला, दमौली<br>फोन नः ०६५-५६००३३/५६०६३२/५६०१६३<br>ईमेल नः vyasmunicipality@gmail.com | एस.डि ईन्जिनियरिङ प्रा. लि.<br>गण्डकी प्रदेश, फुजेल-०५, गोरखा<br>फोन नः ९८४५३३०४४२<br>इमेलः sdengg2008@gmail.com |



**कुवेतमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : Al Barakah Kuwait General Trading & Contracting Co ( CROWNE PLAZA /HOLIDAY INN HOTEL )

पूर्व स्वीकृति मिति २०७८/११/१३ | पुन विज्ञापन स्वीकृति मिति २०७९/04/02 | LT. No. 258687 | चलानी नं. ६०१७५११९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KWD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Commis I | 5 | 5 | 140 | ५८,१३० | कं.नि. अनुसार | ८ घण्टा | ६ दिन | कं.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Commis II | 9 | 0 | 120 | ४९,८२५ | | | | | | | |
| 3 | Housekeping Attendant | 7 | 4 | 100 | ४१,५२० | | | | | | | |
| 4 | Kitchen Steward. | 15 | 0 | 100 | ४१,५२० | | | | | | | |
| 5 | Laundry Attendant | 10 | 5 | 100 | ४१,५२० | | | | | | | |
| 6 | Receptionist / GSA | 5 | 5 | 200 | ८३,०४५ | | | | | | | |
| 7 | Waiter/waitress | 5 | 6 | 120 | ४९,८२५ | | | | | | | |

**अन्तरवार्ता संस्थाको कार्यालय काठमाडौँमा मिति साउन १० गते (26th June. 2022) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ३०१/०५९/०६०

**Supreme Overseas Pvt. Ltd.**
Koteshwor-35, Kathmandu, Nepal.
Phone: +977-1-4610716, 9813327241, 97411877355, 9841359033, 9851107202
Email: supremeovs@yahoo.com, supremeover301@gmail.com,
Web: www.supremeoverseas.com.np

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# बजेट कार्यान्वयनमा कमजोरी सच्याऊ

प्रत्येक पटक सरकार परिवर्तन हुँदा अर्थ मन्त्रालयको बागडोर सम्हाल्ने मन्त्रीको प्रतिबद्धता हुन्छ, पुँजीगत खर्च बढाउने । तर, प्रतिबद्धताअनुसारको प्रगति देखिँदैन । गत आर्थिक वर्षमा पनि सोही नियति दोहोरियो । यसपटक त बजेटको कुनै पनि लक्ष्य भेट्टाउन सकेन । यसको अर्थ बजेट कार्यान्वयनमा सरकार असफल भयो ।

गएको आर्थिक वर्ष २०७८/७९ मा पुँजीगत खर्च गर्नमा सरकार झन् कमजोर देखियो । जसमा लक्ष्यअनुसार काम हुन सकेन । सरकारले पुँजीगत (विकास) खर्चको लक्ष्यमा ५७ दशमलव १८ प्रतिशतमात्र प्रगति हात पार्‍यो । कूल पुँजीगततर्फ तीन खर्ब ७८ अर्ब नौ करोड रूपैयाँ विनियोजन गरेकोमा दुई खर्ब १६ अर्ब २१ करोड मात्र खर्च गर्न सक्यो । असार अन्तिम सातामा मात्र पुँजीगत खर्च नौ अर्ब २६ करोड ३९ लाख र चालु खर्च दुई अर्ब ७७ करोड १४ लाख गरी कूल एक खर्ब १८ अर्ब तीन करोड ५३ लाख रूपैयाँ खर्च तथा भुक्तानी गरिएको महालेखा नियन्त्रक कार्यालयको तथ्यांकमा देखिन्छ ।

अघिल्लो वर्षहरूको तुलनामा समग्र सरकारी खर्च बढे पनि पुँजीगत खर्च भने बढ्न सकेन । यस आर्थिक वर्षमा चालु खर्च ९० दशमलव ७६ प्रतिशत अर्थात् नौ खर्ब ६६ अर्ब एक करोड रूपैयाँ, वित्तीय व्यवस्थापनतर्फ ६२ दशमलव पाँच प्रतिशत अर्थात् एक खर्ब एक अर्ब ३९ करोड रूपैयाँ खर्च भएको छ । गत आर्थिक वर्षका लागि चालुतर्फ १० खर्ब ६५ अर्ब २९ करोड र वित्तीय व्यवस्थातर्फ एक खर्ब नौ अर्ब ४३ करोड रूपैयाँ विनियोजन गरिएको थियो ।

तत्कालीन अर्थमन्त्री जनार्दन शर्माले बजेट सार्वजनिक गर्ने क्रममा आर्थिक वर्ष ०७८/७९ मा कूल सरकारी खर्च १४ खर्ब ४७ अर्ब ५१ करोड अर्थात् आठ दशमलव छ प्रतिशत हुने संशोधित अनुमान सार्वजनिक गरेका थिए । कूल सरकारी खर्चमध्ये चालु खर्च नौ खर्ब ७१ अर्ब ८६ करोड अर्थात् ९१ दशमलव दुई प्रतिशत, पुँजीगत खर्च तीन खर्ब नौ करोड अर्थात् ७९ दशमलव चार प्रतिशत र वित्तीय व्यवस्थातर्फ एक खर्ब ७५ अर्ब ५६ करोड अर्थात् ९२ दशमलव सात प्रतिशत खर्च हुने संशोधित अनुमान रहेको थियो ।

सरकारले एक आर्थिक वर्षमा विनियोजित बजेट अर्थात् १६ खर्ब ३२ अर्ब ८२ करोड ९२ लाख रूपैयाँको ७९ प्रतिशत मात्र खर्च गरेको छ । सरकारले उक्त आर्थिक वर्षमा विनियोजित बजेटमध्ये १३ खर्ब एक अर्ब ४२ करोड ५४ लाख रूपैयाँ खर्च गरेको महालेखा नियन्त्रकको कार्यालयले जनाएको छ । आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम (१) अनुरूप सरकारी कार्यालयले विनियोजन ऐनले फ्रिज नहुने भनी तोकेको शीर्षकको रकमबाहेक भुक्तानी दिनुपर्ने अन्य रकम आर्थिक वर्ष समाप्त हुनुभन्दा कम्तीमा सात दिन अगावै भुक्तानी दिई निकास र खर्चको लेखा अद्यावधिक गरी भुक्तानी निकासा बन्द गर्नुपर्ने व्यवस्था गरे पनि त्यसलाई बेवास्ता गर्दै कोष तथा लेखा नियन्त्रयक कार्यालय अघि बढेको देखिन्छ ।

बजेट कार्यान्वयनमा असफल हुनु भनेको सरकार असफल हुनु हो । सरकारले ल्याएका नीति तथा कार्यक्रमअनुसार काम नहुनु हो । यसको दूरगामी असर मुलुकले बेहोर्नुपर्छ । मुख्यगरी पुँजीगत खर्च कमजोर हुँदा समग्र विकास प्रक्रियामा नै असर गर्छ । आर्थिक वर्षको मध्य र अन्तिमतिर बजेट निकासा हुने, त्यसपछि तोकिएको क्षेत्रमा गर्नुपर्ने खर्चका लागि अपनाउनुपर्ने प्रक्रियाका कारण पनि ढिलाइ हुने गरेको छ । अर्कोतिर, अनेक खिचातानी र दाउपेचले पनि समयमा पुँजीगत खर्च हुन सक्दैन । खासगरी, राजनीतिक अस्थिरता, सार्वजनिक खरिद ऐन, स्थानीयको असहयोग र सुस्त कर्मचारीतन्त्रजस्ता कारणले समस्या हुने गरेको छ । त्यसकारण यी सबै समस्यालाई समाधान गर्नेगरी योजना बनाउनुपर्छ । नयाँ आर्थिक वर्ष आइतबारदेखि सुरु भएको छ । अब यो आर्थिक वर्षमा अघिल्ला वर्षहरूजस्तो बजेट कार्यान्वयनमा असफल नहुने गरी सरकारले काम गर्न आवश्यक छ । सरकारलाई हाम्रो आग्रह- भाषणमा होइन व्यवहारमा काम गरेर देखाऊ ।

## मनन्योग्य

### विदुर नीति

जसले आफ्ना नातेदार, दीन-दुःखी तथा रोगी र अशक्तहरूउपर दया र कृपा गर्दछ, त्यस्तो मानिसको पुत्र कवल र वस्तुभावहरू एवम् सुख साधनहरूको अभिवृद्धि हुन गई उसलाई लौकिक कल्याण तथा अनन्त सुख प्राप्त हुनेछ ।

आफ्नो भलो (कल्याण...) होस् भन्ने चाहाना गर्ने मानिसले आफ्ना कूल कुटुम्ब र नातेदारहरूको उन्नति गराओस् । यसैले हे राजान् ! तपाई पनि पाण्डजहरूसँग राम्रो व्यवहार गर्नुहोस् आफ्ना नातेदारहरूसँग राम्रो व्यवहार गर्नाले कल्याण हुन्छ । यति मात्र होइन सम्बन्धी जन बैगुनी नै भए पनि रक्षा योग्य कल्याण हुन्छ । अनि जसले तपाईको अनुकम्पा चाहिरहेका छन् भने त उनीहरूका लागि के नै भन्नुपर्ला र ?

हे राजन् ! तपाई समर्थवान् हुनुहुन्छ । वीर पाण्डवहरूउपर कृपा गरिदिनुहोस् । उनीहरूको जीविकामा लागि कहि गाउँ त दिनुहोस् ।

हे नरेश्वर ! पाण्डवहरूको जीविकाका लागि केही गाउँ मात्र भए पनि दिनु भएमा तपाईको कस्तो फैलनेछ । तपाई बुढोपाको मानिस भएर छोराहरूउपर शासन चलाउनुपर्छ अर्थात् उनीहरूका सुमार्गतर्फ लगाई दिनुहोस् ।

हेर्नोस् ठूल्दाइ ! मैले पनि तपाईको हित गर्ने कुरा नै गर्नु पर्दछ । मलाई आफ्नो हितैषी नै सम्झनु भए हुन्छ । उन्नति चाहने मनुष्यले आफ्नो जाति विरादरीहरूसँग मलह (झगडा) गर्नुहुँदैन् । बरु उनीहरूसँग मिलेर बस्दै सुख समयले उपभोग गर्नुपर्दछ ।

बन्धु वर्गहरूसँगै बसेर खुलेर कुराकानी गर्नुपर्दछ । आपसमा खुबै प्रेमभाव राख्नु पर्छ, एक आपसमा विरोध कहिल्यै गर्नु हुँदैन किनभने आफ्ना सम्बन्धी जनले नै यस संसारमा दुःखबाट पार गराउँछन् र उनीहरूले नै दुःख सागरमा डुबाइदिन्छन् पनि । असल आचरण भएमा सम्बन्धीहरूले, यस संसार रूपी सागरबाट पार गराउँछन् । खराब आचरण भएमा उनै जातिवर्गले भने सागरको बीचमा पुर्‍याएर डुबाइदिन्छन् ।

क्रमशः

# एक नर्सको अनुभूति



अञ्जना लामा मोक्तान

जीवनका छ वसन्त पार गरिसकेकी छु, त्रिवि शिक्षण अस्पतालको नियोनेटमा । यहाँ काम गर्न सुरु गरेपछिका कैयन मीठा-तीता सम्झनाहरू छन् । स्मृतिका पानामा कोरिएका ती सम्झनाहरूले कहिले खुसी त कहिले दुःखी बनाइदिन्छ । सुखद् स्मृतिका पाना पल्टिँदा हर्षित हुन्छु । त्यस्तै गरी दुःखी हुन्छु, जब स्मृतिका दुःखद् पानाहरू पल्टिन्छन् ।

त्यसो त हर्षित वा दुःखी हुन मन चाहिन्छ । फेरि, मन त सबैसँग हुन्छ । आफ्नो दुःखमा रुने, सुखमा हाँस्ने सबैले गर्छन् । तर, नर्सहरू अरूको दुःखमा रुने, अरूको सुखमा हाँस्ने हुनुपर्छ । यो गुण, यो समवेदना सबै नर्समा हुनुपर्छ । अझ नियोनेट नर्समा त झन् यस्तो विशेषता हुनु अनिवार्य नै छ । नियोनेट नर्सहरूले शब्दद्वारा नलेखिएका, बोलीद्वारा उच्चारण नगरिएका उमंग, भोक, प्यास, दुःख, पीडाजस्ता मानवीय भाव नवजात शिशु र आमाको जिउज्यान लगाएर स्याहारसुसार, हेरविचार गरेको सराहनीय उदाहरण पनि नभएको होइन । श्रीमान्-श्रीमती एकै रथका दुई पांग्रा हुन्, एउटा पांग्राले आफ्नो दायित्व भुले रथ खडा रहन सक्ला र ?

सिकारीकै कुरा गर्दा हाम्रो समाजमा पनि निकै क्रुर सिकारीहरू छ्यापछ्याप्ती छन् । तर, यी सिकारीहरू वाणले तीर हान्ने वा बन्दुकले गोली हान्ने सिकारी होइनन् । यी त रोग, गरिबी, अशिक्षा, भेदभाव, कुसंस्कारको मुखौटा लगाएर समाजलाई त्रसित बनाउने र बेथिति बढाउने सिकारी हुन् । यस्ता सिकारीहरूले कहिलेकाहीँ शिशुलाई आमाबुबाबाट टाढा हुन बाध्य पार्दछन् । कहिलेकाहीँ दम्पतीहरू यस्ता सिकारीको चपेटामा परी नवजात शिशुलाई अलपत्र छाडेर हिँड्न बाध्य हुन्छन् । संसार र मानवीयतालाई बाटो देखाउने क्षमता लिएर यस धर्तीमा पाइला टेकेका लहरहरू तरंगित हुन्छन् । अनि उसको आफन्तले खुसी भएर जीवन जोगाउने यस्तो पुण्यको काम गर्ने भएर नै डाक्टर, नर्सहरूलाई भगवानको दर्जा दिएको भन्ने सुन्दा त देवता बस्ने स्वर्गमै छु कि जस्तो अनुभूति हुन्छ ।

कति दम्पती त छोरा जन्मे खुसी हुने, हर्षोल्लास मनाउने र छोरी जन्मे ठुसुक्क पर्ने परिपाटी अहिले पनि हाम्रो समाजमा जीवितै छ । विचरा भर्खर जन्मेकी नानी अपहेलित भएर, कति ठाउँमा त कष्टकर र भेदभावपूर्ण जीवन व्यतीत गर्न बाध्य हुन्छे । कहिले छोरी भएकै कारणले जन्मिनेबित्तिकै बिरामी पर्दा पनि पाउनुपर्ने उपचार नदिएर मृत्युलाई सुम्पिदिने दृश्य अहिले पनि देखिन्छ । भेदभाव देशको कानुनबाट त उन्मूलन भइसक्यो तर, के हाम्रो व्यवहार, सोच/विचारबाट उन्मूलन भयो त ?

खैर, म त नियोनेट नर्स, शिशुहरू रूँदा

> **नर्सहरू अरूको दुःखमा रुने, अरूको सुखमा हाँस्ने हुनुपर्छ । यो गुण, यो समवेदना सबै नर्समा हुनुपर्छ । अझ नियोनेट नर्समा त झन् यस्तो विशेषता हुनु अनिवार्य नै छ । नियोनेट नर्सहरूले शब्दद्वारा नलेखिएका, बोलीद्वारा उच्चारण नगरिएका उमंग, भोक, प्यास, दुःख, पीडाजस्ता मानवीय भाव अनुभवहरूलाई चिन्न सक्नुपर्दछ ।**



अनुभवहरूलाई चिन्न सक्नुपर्दछ ।

कठै ! भर्खर जन्मेका शिशुहरू कति निरीह हुन्छन्, चराका बचेरा जस्तै । आमाले चारो ल्याइदिए खाएर जीवित रहने नत्र भोकभोकै मृत्युवरण गर्न बाध्य हुने । त्यसैले, सिकारीले एक आमा चरालाई मारिदियो भने कम्तीमा पनि दुईवटा प्राण जान्छ । के बुबा चराले आमाले जस्तो निष्ठापूर्वक बचेराको लालनपोषण र हेरविचार गर्छ र ? यसबारे मैले पनि जानकारी लिन बाँकी छ तर, हाम्रो पितृसत्तात्मक समाजमा धेरैजसो परिवेशमा बुबाले आमाले जसरी जिम्मेवार भएर बचेराको हेरचाह गरेको देखिँदैन । के बचेराको जीवनको रक्षा गर्नु बुबाको कर्तव्य होइन र ?

यति लेखिरहँदा कतिपय बुबाहरूको मनमा चसक्क बिझ्न सक्छ । यसका लागि म क्षमा माग्न चाहन्छु । हो, कति बुबाहरूले आफ्ना शिशुको जीवनको बाटोले नै दिशा फेरिदिन्छ । यस्ता सिकारीहरूलाई नियन्त्रणमा राख्न कति सक्षम छ त हाम्रो समाज ? यो प्रश्नको उत्तर सबैमाझ जगजाहेर नै छ ।

कहिलेकाहीँ मन नै क्षतविक्षत हुने स्मृतिका पानाहरू पल्टिन्छन् । कैयनपटक त भर्खरै संसारमा रुँदै पाइला टेकेका नवजात शिशु आमाबुबा र आफन्तलाई रुवाएर क्षणभरमै यो संसार छाडेर जान्छ । के उसको भाग्य लेख्ने मसी सकिएर अल्पायुमै संसार छोडेर जाने भाग्य लिएर आएको हुन्छ र ? दम्पतीको नौ महिनाको संघर्ष, परिवारको सपना र खुसीहरू ऊसँगै विलीन हुनपुग्छ । तर, कहिलेकाहीँ हाम्रो तप, परिश्रमले जीवन/मरणसँग लडिरहेको शिशुलाई मृत्युको मुखबाट खोसेर ल्याउँदा, अपूरो भाग्यको लेखनीलाई फेरि पूरो बनाउँदा भने मनमा हर्षका किन रोएको भन्ने थाहा पाउँछु । उनीहरूसँग हृदयले वार्तालाप गर्छु, उनीहरूको सक्दो चाहिँदो स्याहारसुसार गर्छु । छ वसन्त (छ वर्ष)देखि यही काम गर्दै आएकी छु । कहिलेकाहीँ जति फकाउँदा पनि नफकिने रुञ्चे त कहिले जति उठाउँदा पनि नउठ्ने ध्यानमग्न भइरहने शिशु पनि देखेकी छु । कुनै जति खुवाउँदा पनि नअघाउने खञ्चुवा शिशु हुन्छन् भने कुनै दुई घुड्कोमै तृप्त भएर खानै नमान्ने सन्तुष्ट शिशु पनि देखेकी छु । रोगले ग्रसित भएर मर्नु न बाँच्नुको दोसाँधमा अड्केकोदेखि मृत्युलाई जितेर गर्वले गमक्क फुलेको शिशु पनि देखेकी छु ।

शिशुहरूले दिएका यी सम्झनाहरू नै हुन् मेरो जीवनका अमूल्य प्राप्ति । यी प्राप्तिहरूलाई मनमा संगालेर, सम्हालेर, सजाएर आफ्नो कर्मपथमा अनवरत लागिरहेकी छु, लागिरहने छु ।

## पत्र-मञ्जुषा

# महानगरबासीको आशा निराशामा नबद्लियोस्

विभिन्न राजनीतिक परिवर्तन आए पनि समस्यै-समस्यामा फसेका काठमाडौंवासीले यसपटक राजनीतिक दलको विकल्प खोजे । दलहरूको कार्यशैलीबाट आजित बनेका काठमाडौं महानगरवासीले स्वतन्त्र उम्मेदवार बालेन्द्र (बालेन) शाहलाई विश्वास गरे । भारी मतका साथ मेयरमा उनलाई निर्वाचित गराए । प्रदूषण र अव्यवस्थालाई हटाउन मेयर बालेनले काम गर्ने अपेक्षा महानगरवासीको थियो । तर, निर्वाचित भएर कार्यभार सम्हालेयता मेयर बालेनले चालेका कदम र उनले गरेका निर्णयहरू महानगरवासीको अपेक्षाभन्दा बाहिर देखिएका छन् । उनले महानगरवासीले सोचेभन्दा ठ्याक्कै उल्टो काम गरेका छन् ।

मेयर बालेनले आफ्नो तलबबाट काठमाडौंमा र्‍यापर यमबुद्धको सालिक बनाउने घोषणा गरेका छन् । उता, जनताले तिरेको करबाट एक करोड रूपैयाँ ई-स्पोर्टसमा लगानी गर्ने उनको योजना छ । भोट माग्ने बेलामा उनले तलबभत्ता लिन्न, सरकारी गाडी चाहिँदैन भनेर वाचा गरेका थिए । तर, अहिले आएर उनले केही पनि छोडेनन् । काम केही नगर्ने, सरकारी गाडी चढ्ने र तलबभत्ता लिने । यतिमात्र नभएर जनताले तिरेको कर कसैको नाममा सालिक बनाउने, कसैलाई करोड रूपैयाँ दिने । मेयर पदमा छु भनेर जे पनि गर्न पाइन्छ ? मेयरको यस्तो पाराले काठमाडौंवासी निरास बन्न थालेका छन् । हामीले बालेनलाई किन भोट दियौं भनेर अहिले धकधकाइरहेका छन् ।

मेयरले राजीनामा दिनुपर्छ भनेर मागसमेत उठ्न थालिसकेको छ । र्‍याप गीत गाउने व्यक्तिलाई त्यही नै ठीक थियो भनेर बहस चलेको छ । उनको क्षमतामा यतिबेला प्रश्नसमेत उठ्न थालिसकेको छ । काठमाडौंवासीप्रतिको जिम्मेवारी र उनीहरूसँग गरेको वाचा मेयर बालेनले बिर्सिएका छन् । काठमाडौंलाई राम्रो बनाउन न मन्त्रालयले ध्यान दिन्छ न प्राधिकरणले । महानगर आफ्नो मनोमानी चलाउँदै हिडेको छ । भन्नलाई सहर भनिन्छ तर, यहाँका बासिन्दासँग अलिकति पनि चेतना छैन । आफू सुकिला बन्छन्, घरभित्रको फोहोर सडकमा ल्याएर फयाँक्छन् । यस्तालाई पनि बुद्धिजीवी भन्ने ? पढ्न लेख्न जानेको छ तर कर्तव्य भनेको थाहा छैन । आफ्नो कारणले अरूलाई कति अप्ठ्यारो परेको छ अलिकति पनि मतलब छैन ।

काठमाडौं फोहोरयुक्त सहर हो भनेर विदेशीहरूमा परिसकेको छ । घुम्न आएका पनि हतारहतार फर्किन्छन् । प्रदूषण नदेखेका विदेशीहरू यहाँ आएर अचम्मित पर्छन् । गाउँबाट आएकाहरू यता दुई दिन पनि टिक्न सक्दैनन् । धुँवाधुलोले यहाँ बस्न हम्मेहम्मे पर्छ । यस्तो ठाउँलाई राजधानी भन्न पनि लाजमर्दो अवस्था छ । राजधानीको हालत यस्तो हुन्छ र ? प्रश्न उठ्न थालेको छ । काठमाडौं सिटी भनिएको छ तर कताबाट सिटी भन्ने ? जिल्लाको सदरमुकाम पनि यहाँभन्दा सफासुग्घर छ ।

युवा पुस्ताले केही गर्छ भनेर नै महानगरवासीले मेयर र उपमेयर दुवैमा युवालाई जिताएका छन् । उनीहरूप्रति महानगरवासीको ठूलो अपेक्षा छ । त्यो अपेक्षालाई पूरा गर्ने गरी काम गर्नुपर्छ । महानगरवासीको चाहना के हो ? उनीहरूका समस्या के-के हुन् भन्ने कुरामा सबै जानकार नै छ । त्यसैले ती चाहना र समस्यालाई सम्बोधन गर्ने योजना ल्याउनुपर्छ, नकि कोही कसैको सालिक ठडयाउने योजना । युवा पुस्तालाई दिएको जिम्मेवारीलाई गम्भीरताका साथ लिन जरुरी छ । यदि, बालेन काठमाडौंमा असफल भए, उनले पनि पूरानै जनप्रतिनिधिले जस्तै काम गरे, जनतालाई निरास बनाए भने अब कसलाई विश्वास गर्ने ? यसतर्फ मेयर बालेन सचेत बन्नुपर्छ । महानगरवासीको आशा निराशामा नबद्लियोस् ।

*अमृत श्रेष्ठ*
*नयाँबजार, काठमाडौं*

### जानकारी

**अब यस दैनिकले हरेक दिन पत्र-मञ्जुषा स्तम्भ सुरू गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.**

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

द्रष्टव्य : यस दैनिकका लागि लेख, विचार, प्रतिक्रिया prabhabdailynews@gmail.com मा सम्प्रेषण गर्नु हुन अनुरोध छ । यो स्तम्भमा प्रकाशित सामग्री लेखकको निजी विचार हो । - सं.

# जिल्ला अस्पतालमा प्रसूति सेवा बन्द




**जलेश्वर–** महोत्तरी जिल्लाको सदरमुकाम जलेश्वरस्थित जिल्ला अस्पतालमा 'निक साइमन्स' संस्थाले प्रसूतिका लागि उपलब्ध गराउँदै आएको निःशुल्क शल्यक्रिया सेवा सोमबारदेखि बन्द भएको छ ।

उक्त दातृ संस्थाले २०७० असोज महिनादेखि जलेश्वर अस्पतालमा प्रसूति हुने महिलाका लागि निःशुल्क शल्यक्रिया सेवा दिँदै आएकोमा गत असार मसान्तदेखि सो कार्यक्रम सकिएकाले आइतबारदेखि प्रसूति सेवा पनि बन्द भएको अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट एवं अस्पताल प्रमुख डा. सतिश साहले बताए ।

उक्त अस्पतालमा शल्यक्रिया गरेर बच्चा जन्माउने सुविधाको थालनी नै २०७० मा निक साइमन्स संस्थाले गरेको थियो भने अहिले सो संस्थाले कार्यक्रम सकेर गएपछि सो सेवा पनि बन्द भएको हो । निक साइमन्सले पाँच प्राविधिक (एमडिजिपी-१, मेडिकल अफिसर-१, एनेथिसिया असिस्टेन्ट-१, स्टाफनर्स-१ र बीएमईटी-१ जना) लाई पठाएर नौ वर्षसम्म जलेश्वर अस्पतालमा बच्चा जन्माउन आउने महिलालाई निःशुल्क सिएस शल्यक्रिया दिँदै आएको थियो ।

यो सेवा अस्पतालको मुख्य सेवामध्ये एक थियो भने गरिब तथा जलेश्वर अस्पतालमाथि विश्वास गर्ने सम्पूर्ण व्यक्तिका लागि निकै उपयोगी सावित पनि भएको थियो तर सोमबार यो सेवा बन्द भइसकेपछि त्यस्ता व्यक्तिलाई प्रसूतिको क्रममा गरिने शल्यक्रियाका लागि जलेश्वर बाहिर जानुपर्ने बाध्यता आएको उनले बताए । करिब एक दशक महोत्तरीका हजारौं महिलालाई प्रसूतिको क्रममा निःशुल्क शल्यक्रिया गर्न–गराउनमा सक्रिय रहेकी निक साइमन्सकी स्टाफ नर्स चन्डिका अधिकारीले अब जलेश्वरलगायत वरपरका महिलालाई प्रसूतिको बेला पाउने निःशुल्क शल्यक्रिया उपलब्ध नहुने भएपछि बच्चा जन्माउन पनि समस्या हुने बताइन् । उनले अब बाहिर जाँदा निजी अस्पतालमा एकलाखदेखि डेढ लाखसम्म खर्च हुने र सर्वसाधारणलाई आर्थिक समस्या पनि हुने बताइन् ।

दाता संस्थाले यहाँ निःशुल्क शल्यक्रिया सेवा सुरु गरेदेखि प्रत्येक महिनामा औसतमा १५–२० महिलालाई निःशुल्क शल्यक्रिया गरेर बच्चा जन्माउन सेवा प्रदान गरिएको थियो भन्दै स्टाफ नर्स अधिकारीले अब यो सेवा बन्द भएपछि यहाँका गरिब, विपन्न महिला जटिल अवस्थामा कहाँ जाने र कसरी प्रसूति हुने भन्ने चिन्ता व्यक्त गरिन् । यस सम्बन्धमा मेसु डा साहले आफूले उक्त संस्थाको सेवा निरन्तर राख्न स्थानीय, प्रदेश तथा संघीय सरकार, सरोकारवाला स्वास्थ्य निकायसँग कुरा गरे पनि यस संस्थाले निरन्तरता नपाउने भएको गुनासो गरे । उनले यसको विकल्पमा प्रदेश सरकारको स्वास्थ्य मन्त्रालयले चाँडै अस्थायी दरबन्दी सहितको ५० बेडको व्यवस्था गरेर शल्यक्रिया सहितको प्रसूति सेवा चालु गर्न आश्वासन दिएको जानकारी दिए । सोमदेखि शल्यक्रिया सेवा बन्द भएपछि जलेश्वरवासीमा चिन्ता बढेको छ । *रासस*

# जुम्लामा ३३ केभी प्रसारणलाइन पुग्दै



■ प्रभाव संवाददाता

**जुम्ला–** राष्ट्रिय प्रजातन्त्र पार्टीका प्रवक्ता ज्ञानेन्द्र शाहीको पहलमा जुम्लामा ३३ केभिको प्रसारणलाइन पुग्ने भएको छ। सोमबार पत्रकार सम्मेलन गर्दै शाहीले जुम्लामा ३३ केभी प्रसारणलाइन ठेक्का खोलेकोमा सरकारलाई धन्यवाद दिएका हुन् ।

शाहीसहित कर्णालीका अगुवा जनताले गत असार २४ गते ऊर्जामन्त्री पम्फा भुसाललाई कर्णालीमा विद्युत पुर्‍याइदिन अनुरोध गरेका थिए। शाहीको टोलीले माग गरेअनुसार नै ऊर्जामन्त्रालयको निर्देशनमा गत असार २८ गते विद्युत प्राधिरकरणले साउनमा कर्णालीमा ३३ केभी प्रसारणलाइनको लागि ठेक्का खोल्ने प्रतिबद्धता जनाएको छ ।

शाहीले सोही प्राधिकरणको लिखित जवाफकै आधारमा कर्णाली प्रदेशले म्यान्मादेखि खंलगासम्म भनेर ठेक्का खुलाएकोमा धन्यवाद समेत दिए । उनले भने, 'ऊर्जामन्त्रीले हामीसँग गरेको प्रतिबद्धता अनुसार काम भएकोमा खुसी छौं ।'

उनले कर्णाली प्रदेशमा ठुला–ठुला विद्युत आयोजनाहरू बनाउन सकिने धेरै सम्भावना रहेको उल्लेख गरे । त्यसका लागि सरकारले कर्णालीको स्थलगत अध्ययन गरी नीजि क्षेत्रले पनि जलविद्युतमा लगानी गर्न आवश्यकता छ भनेर सरकारले टुंगो लगाइदिन पर्ने उनको धारणा छ ।

कर्णालीमा १७ देखि २२ वटासम्म जलविद्युत उत्पादन गर्नसकिने उनको दाबी छ । । उनले कर्णालीमा विद्युत उत्पादन गरेर जुम्ला, हुम्ला, मुगु, डोल्पालगायतका दुरदराजमा विजुली पुर्‍याउनुपर्ने आवश्यकत्ता औंल्याए। उनले भने, 'हामीपनि यो देशका नागरिक हौ। अन्य जनताको जति अधिकार छ, त्यतिनै कर्णालीका जनताको पनि छ।'

# जिल्ला प्रहरी कार्यालयमा डिआइजीको निरीक्षण

■ प्रभाव संवाददाता



**नवलपरासी पश्चिम–** लुम्बिनी प्रदेश नेपाल प्रहरी प्रमुख डिआइजी नल प्रसाद उपाध्यायले जिल्ला प्रहरी कार्यालय नवलपरासी पश्चिमको निरीक्षण तथा भ्रमण गरेका छन् । निरिक्षणको क्रममा उनले कार्यालय तथा सम्पूर्ण शाखाहरू र जिल्ला मातहत रहेका युनिट इलाका प्रहरी कार्यालय महेशपुर, इलाका प्रहरी कार्यालय बेलाटारी, इलाका प्रहरी कार्यालय बर्दघाट समेत निरीक्षण गरी कार्यरत प्रहरी अधिकृत तथा जवानहरू लाई निर्देशन दिएका थिए ।

निर्देशनको क्रममा डिआइजी उपाध्यायले प्रहरी अनुशासित र इमानदारी भई दुरुस्त प्रहरी पोशाक लगाई आमनागरिकहरूसँग सदैव शिष्ट र सभ्य ब्यवहार गर्न निर्देशन दिए । उनले शुन्य शहनशिलताको अक्षरस पालना गर्दै प्राविधिमैत्री, प्रमाण र परिणाममुखी अनुसन्धान कार्यमा विशेष ध्यान दिन र पुराना पेन्डि... अपराधका मुद्दाहरूलाई प्राथमिकतामा राखी कार्य गर्न निर्देशन दिए ।

प्रहरीले पाएको व्यवस्थित भवनको साथै असभावका समानहरूको हिफाजत गरि प्रयोग गर्न, सामुदायिक साझेदारी कार्यक्रमलाई प्रभावकारी बनाई विभिन्न सचेतना मुलक कार्यक्रमहरू सञ्चालन गीर नागरिक र प्रहरीको सम्बन्ध सुमधुर बनाउन, प्रहरीको सक्रियता बढाइ शान्ति सुरक्षामा खलल पुग्ने गतिविधि तत्काल नियन्त्रण गर्न, प्राकृतिक स्रोत साधनको अवैध दोहन रोक्न र सिमा नाका खुल्ला भएको हुँदा तस्करी चुहावट नियन्त्रण गर्न अहोरात्र खटी तस्करी चुहावट शून्य अवस्थामा पार्ने र सवारी दुर्घट्ना न्यूनीकरणको लागि प्रभावकारी चेकि... गर्न निर्देशन दिए ।

सोही क्रममा आगामी प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचनमा सुरक्षाका योजनाहरू तयार गरी सोही अनुसार प्रहरी कार्यलाई तिब्रता दिन समेत निर्देशन दिए ।

## नागरिकता विधेयक...

पृष्ठ १ बाट जारी

छ । एमाले सांसदहरू पोखरेल, पाख्रिन, बिन्दा पाण्डेलगायतले नागरिकता जारी गर्दा लैंगिक पहिचान खुलाउनुपर्ने प्रस्तावसमेत गरेका छन् ।

'वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गर्ने व्यक्तिलाई नेपाली नागरिक आमा वा बुबाको नाम र ठेगानाबाट नागरिकता दिन सकिनेछ,' एमाले सांसद पोखरेलले दर्ता गराएको संशोधनमा भनिएको छ, 'नेपाली नागरिकताको प्रमाणपत्रको लिंग महलमा महिला वा पुरूष वा अन्य उल्लेख गरी लैंगिक पहिचानसमेत खुलाउनुपर्नेछ ।' पोखरेलले दर्ता गराएको संशोधन प्रस्तावमा प्रदेशको ठेगानासमेत उल्लेख गर्न सुझाइएको छ ।

त्यस्तै, एमालेकै सांसद पाण्डेले 'वैवाहिक अंगीकृत नागरिकता प्राप्त गर्ने नेपाली पुरूषसँग विवाह भएकी महिला' भन्ने शब्द प्रयोग नगरी 'नागरिक' भन्ने शब्द राखेर संशोधन पेस गरेकी छन् । 'नेपाली नागरिकसँग विवाह गरेका विदेशी नागरिक कानुनतः नेपालमा सात वर्ष बसोबास गरेपछि वैवाहिक अंगीकृत नागरिकता प्राप्त गर्न योग्य हुनेछ । त्यस्तो विदेशी नागरिकले वैवाहिक अंगीकृत नागरिकता पाउनुपूर्वको अवधिका लागि राजनीतिकबाहेकका अधिकारसहितको स्थायी परिचयपत्र लिन सक्छन्,' पाण्डेको संशोधन प्रस्तावमा भनिएको छ ।

# लागुऔषधसहित पक्राउ

**पर्सा (प्रस)–** पर्सागढी नगरपालिका-८ हरपुरबाट ६ किलो अवैध लागुऔषध गाँजासहित २ जनालाई सोमबार प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा बहुदरमाई नगरपालिका-९ बिश्रामपुर बस्ने ३४ वर्षीय सुरेन्द्र पटेल र सोही ठाउँ बस्ने ४५ वर्षीय ज्वाहिर रावत रहेका छन् । प्रदेश २-०३०२० प ८८०० नम्बरको मोटर साइकललाई ईलाका प्रहरी कार्यालय एकटाँगाबाट खटिएको प्रहरीले जाँच गर्ने क्रममा झोलाभित्र लुकाई राखेको अवस्थामा उक्त गाँजा सहित फेला पारी मोटर साइकल चालक पटेल र मोटर साइकलमा सवार रावतलाई पक्राउ गरेको हो ।

झापा, मेचीनगर नगरपालिका-६ पुरानो मेचीपुलबाट १४ ग्राम अवैध लागुऔषध खैरो हेरोइनजस्तो देखिने पदार्थ सहित २ जनालाई सोमबार प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा ईलाम फाकफोकथुम गाउँपालिका-१ एकतप्पा बस्ने २७ वर्षीय प्रकाश गुरुङ र पाँचथर फिदिम नगरपालिका-८ फिदिम बजार बस्ने २१ वर्षीय लक्ष्मान तामाङ रहेका छन् ।


**Migration Certificate हरायो**

मिति २०७९/०१/१० गते विशालनगर बाट महाराजगञ्ज सम्म मेरो CTEVT Office of the Controller of Examinations बाट जारी निम्न व्यहोरा भएको Migration Certificate हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खवर गरिदिनुहुन अनुरोध छ ।

Name: Sangita Thapa
Issue Number: 01-000586
CTEVT Reg. No: SN-00892-016
Contact No.: 9849943422



**व्यास नगरपालिका भएर बग्ने मादी नदीको पुल देखि कलेस्ती (खण्ड क) सम्मको क्षेत्रबाट ढुङ्गा, गिट्टी र बालुवाको दिगो सङ्कलन उत्खनन् कार्यको वातावरणीय परीक्षण प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना**

(प्रथम पटक प्रकाशित मिति : २०७९/०४/०३)

गण्डकी प्रदेश, तनहुँ जिल्ला, व्यास नगरपालिका वडा नं ४, ५ र १० व्यास नगरपालिका द्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | व्यास नगरपालिका, गण्डकी प्रदेश, तनहुँ जिल्ला, दमौली<br>फोन नः ०६५-५६००३३/५६०६३२/५६०१६३<br>ईमेल नः vyasmunicipality@gmail.com |
| प्रस्तावको व्यहोरा | व्यास नगरपालिका भएर बग्ने मादी नदीको मादी पुल देखि कलेस्ती (खण्ड क) सम्मको क्षेत्रबाट ढुङ्गा, गिट्टी र बालुवाको दिगो सङ्कलन उत्खनन् कार्य |
| प्रभाव पर्ने सक्ने जिल्ला/न.पा/गाँ.पा. | तनहुँ जिल्ला, व्यास नगरपालिका वडा नं ४, ५ र १० |

माथि उल्लिखित प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणाली बीच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको न.पा./गा.पा. तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाब लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाब उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ ।

**राय सुझाबको लागि पत्राचार गर्ने ठेगानाः**

| प्रस्तावकको नाम र ठेगानाः | परामर्शदाताको नाम र ठेगाना |
|---|---|
| व्यास नगरपालिका<br>गण्डकी प्रदेश, तनहुँ जिल्ला, दमौली<br>फोन नः ०६५-५६००३३/५६०६३२/५६०१६३<br>ईमेल नः vyasmunicipality@gmail.com | डिभा मुस्कान कन्सल्ट प्रा. लि.<br>बाग्मति प्रदेश, कुसुन्ती-१३, ललितपुर<br>फोन नः ९८५१२१९३४१<br>इमेलः dmcengg2008@gmail.com |



**कतारमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : TIGER COOKIES COFFEE SHOP

पूर्व स्वीकृति मिति २०७९/०१/२१ | पुन विज्ञापन स्वीकृति मिति २०७९/०४/०२ | LT. No. 262648 | चलानी नं. ६०१७८८९०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant Cook | 1 | 0 | 1500 | ५२,६६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Confectioner | 0 | 1 | 1400 | ४९,१५५ | | | | | | | |
| 3 | Waiter | 1 | 1 | 1400 | ४९,१५५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः साउन १० गते (26th July 2022)मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कःनिःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**White Horse International Pvt. Ltd.** Govt. License 966/067/68
Tinkune, Kathmandu, Nepal, Tel No: 014782040



**साउदीमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : CORDOBA SUPPLY CONTRACTING COMPANY

पूर्व स्वीकृति मिति २०७९/०४/०२ | LT No.267547 | चलानी नं.६०१८३४२१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Upload and download operator | 2 | 0 | 1200 | ४०,६८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : THE MOST DELICIOUS FAST FOOD RESTAURANT

पूर्व स्वीकृति मिति २०७९/०४/०२ | LT No.267546 | चलानी नं.६०१८३४२०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | FAST FOOD MAKER | 1 | 0 | 1200 | ४०,६८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः म्यानवापर कम्पनी काठमाडौं मिति : साउन १० गते (26th July. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कःनिःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १३६३/०७४/०७५

**INSPIRE INTERNATIONAL EMPLOYME NT PVT.LTD.**
Airport, Shambhu Marg-4, Kathmandu,Nepal Phone:
(+977) 4112800, 4498248, Email: inspireintemp@gmail.com



**ZERO COST RECRUITMENT FOR MALAYSIA**
**सून्य लागत सहित मलेसियामा वैदेशिक रोजगारको अवसर**

Free Visa! Free Ticket, Free Medical. No Any Service Charge
निःशुल्क भिषा, टिकट, स्वास्थ्य जाँच र कुनैपनि सेवा शुल्क नलाग्ने

कम्पनी : BRIGHT WAY HOLDINGS SDN BHD.

Pre Approval Date : 2022-07-07 | LT. No. 266765 | Invoice No. 60183425
पूर्व स्वीकृति मिति : २०७९/०३/२३ | एल टि न. २६६७६५ | चलानी नं. ६०१८३४२५

| सि.नं S.N. | कामदारको पद Worker's Position | माग संख्या Required No's पुरुष Male | माग संख्या Required No's महिला Female | न्यूनतम योग्यता Minimum Qualification | मासिक तलबः Monthly Salary रिगिंट MYR | मासिक तलबः Monthly Salary ने.रू. NPR | ओभर टाईम सुविधा OT Facility | प्रतिदिन काम गर्ने घण्टा Working Hours Per Day | हप्तामा काम गर्ने दिन Working Day Per Week | वार्षिक बिदा Annual Leave | खाना सुविधा Food Facility | बस्ने सुविधा Accomodation Facility | करार अवधि Contract Period |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | कारखानामा काम गर्ने सामान्य कामदार General Worker (Manufacturing Sec.) | १०० 100 | 0 0 | आधारभूत अङ्ग्रेजी पढ्न, लेख्न र बोल्नमा दक्ष Proficient in reading, writing & speaking basic English | १५०० 1500 | ४३,०६५ 43,065 | क. नियम अनुसार As per the company rule | ८ घण्टा 8 Hours | ६ दिन 6 Days | क. नियम अनुसार As per the company rule | छैन No | छ Yes | दुई वर्ष 2 Years |

Candidates are invited to apply without any middle man, Not required to pay any fees for this recruitment. If any one pays for this recruitment MHR do not have any responsibilities .

यस मास ह्युमन रिसोर्स प्रा.लि को कुनै शाखा वा मध्यस्वकर्ता छैनन् । यस कम्पनीमा जानका लागि कामदारबाट कुनैपनि शुल्क लिइने छैन यदि कसैले लिएमा यस प्रा. लि. जिम्मेवार हुने छैन ।

नोटः MHR holds zero tolerance towards any kind of corruption, misconduct. All our valuable stakeholders are welcome to reach us through our hotline no. +977-1-4983080 or email : grievance.massmngt@gmail.com directly. MHR will maintain your privacy.

हामी कुनैपनि प्रकारको भ्रष्टाचार/ दुराचार प्रति शून्य सहनशीलता राख्छौं । हाम्रा सबै मूल्यवान सरोकारवलाहरुल( ई हाम्रो हटलाइन नम्बर वा इमेल मार्फत सम्पर्क गर्न अनुरोध छ । हामी तपाईको गोपनियता कायम राख्नेछौं ।

अन्तरवार्ता हुने स्थानः म्यानवापर कम्पनी काठमाडौं मिति : साउन ११,१२,१३,१४ गते (27/28/29/30th July. 2022) मा हुनेछ ।

अन्तर्वार्ता कोभिड-१९ को सुरक्षा प्रकिया र सामाजिक दूरी कायम गरी आयोजना गरिनेछ।
Interview shall be conducted adhering to social distancing guidelines and COVID-19 protocols.

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमाकसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।


**Mass Human Resource Pvt. Ltd.** Govt. License 938/067/068
Samakhusi, KTM, Nepal, TEL: 4983088, 4955765

प्रभाव दैनिक

रूपशाला

## रचना र कृष्णको मलाई माया सार्वजनिक

चर्चित गायिका रचना रिमाल र गायक कृष्ण कात्तेको युगल स्वर रहेको 'मलाई माया' बोलको म्युजिक भिडियो सार्वजनिक भएको छ । अर्जुन थापाको शब्द र संगीत रहेको गीतमा फणिन्द्र राईको संगीत संयोजन छ । भिडियोमा संगीतकार अर्जुन थापा र निरू थापाको अभिनय रहेको छ । बुद्ध थापाको छायांकन र सुरेश राउतको सम्पादन रहेको भिडियो सुरेश थापाले निर्देशन गरेका हुन् । भिडियोमा प्रेमकथा देखाउन खोजिएको छ ।



मंगलबार, ३ साउन २०७९ (Tuesday, July 19, 2022)

# सहायक श्रीमान् अमेरिका र भारतको फिल्म फेस्टिभलमा



■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपालको बहुपति प्रथाको विषयमा निर्माण भएको वृत्तचित्र 'सहायक श्रीमान्' (को-हजबेन्ड) अमेरिका र भारतको फिल्म फेस्टिभलमा छनोट भएको छ । अमेरिकाको एटलान्टमा अगष्ट ४ देखि ७ सम्म आयोजना हुने आठौं कब इन्टरनेशनल फिल्म फेस्टिभलमा 'को-हजबेण्ड' छानिएको निर्देशक गणेश पाण्डेले जानकारी दिए ।

बहुपति प्रथामा आधारित ३५ मिनेटको यो डकुमेन्ट्री फिल्म कर्णाली प्रदेशको हुम्लामा छायाकन भएको हो । घरमा जति दाजुभाई छन्, एउटै श्रीमती बिहे गर्ने संसारकै अनौठो चलन अहिले पनि नेपालका कतिपय हिमाली जिल्लामा विद्यमान छ । सोही विषयलाई निर्देशक पाण्डेले पहिलोपटक पर्दामा उतारेका हुन् । हुम्लाको लामा समुदायमा अहिले पनि दाजुभाइका लागि एउटै श्रीमती बिहे गर्ने चलन छ ।

साइन मिडिया प्रालिले निर्माण गरेको यो वृत्ती(चत्रको लेखन पनि निर्देशन पाण्डेले नै गरेका हुन् ।

त्यस्तै आगामी अगष्ट ३ देखि ६ सम्म भारतको कोलकातामा आयोजना हुने साउथ एसियन सर्ट फिल्म फेस्टिभलमा पनि 'सहायक श्रीमान्' छनोट भएको छ ।

आयोजकका अनुसार फेस्टिभल उद्घाटनकै दिन 'सहायक श्रीमान्' प्रदर्शन हुन्छ ।

काठमाडौं इन्टरनेशनल माउन्टेन फिल्म फेस्टिभलबाट यात्रा आरम्भ गरेको 'को-हजबेण्ड' ले नेपाल अन्तर्राष्ट्रिय चलचित्र महोत्सवमा एक हजार डलरसहित उत्कृष्ट डकुमेन्ट्री अवार्ड जितेको थियो ।

विश्वका एक दर्जन बढी फिल्म फेस्टिभलमा छनोट भइसकेको 'को-हजबेण्ड' ले स्लोभाकियाको पोपरोडमा आयोजित प्रतिष्ठित २९ औं इन्टरनेशनल फिल्म फेस्टिभल अफ माउन्टेन फिल्मस् पोपराडमा अनरेवल मेन्सन अवार्ड जितेको थियो ।

# बोर्ड अध्यक्षका लागि १० जना उम्मेदवार

■ प्रभाव संवाददाता

**काठमाडौं–** सञ्चार तथा सूचना प्रविधि मन्त्रा(लयले चलचित्र विकास बोर्डको अध्यक्ष पदका १० उम्मेदवारको सूची सार्वजनिक गरेको छ ।

सोमबार सूचना जारी गर्दै उम्मेदवारको सूची सार्वजनिक गरिएको हो । असार ५ गते प्रकाशित सूचनाअनुसार दर्ता हुन आएका दरखास्तमध्ये १० उम्मेदवार स्वीकृत भएको जानकारी दिइएको छ ।

मन्त्रालयका अनुसार सुनसरीका अरुणकुमार प्रधान, ललितपुरका नरेशकुमार पौड्याल, इलामकी सुचित्रा श्रेष्ठ, काठमाडौंका दिपक श्रेष्ठ, नि(र्मलराज ढकाल, भुवन केसी, मनिष पण्डित, सम्झना उप्रेती रौनियार, सुशीलकुमार पोखरेल, सुष्मा कार्की उम्मेदवारको रूपमा छन् ।

उम्मेदवारको दरखास्त स्वीकृत भएको जानकारी दिदै मन्त्रालयले छानिएका उम्मेदवारको व्यावसायिक कार्ययोजनाको प्रस्तुतीकरण र अन्तर्वात(ाको मिति, समय र स्थान पछि तोक्ने जानकारी पनि सूचनामा उल्लेख छ ।




# बेनसँग जेनिफरले कसिन् लगनगाँठो

■ एजेन्सी

**लन्डन–** हलिउड अभिनेत्री जेनिफरले लसभेगासमा प्रेमी बेन एफलेकसाग विवाह गरेकी छन् । अभिनेत्रीले आफ्नो वेभसाइटमार्फत आफूहरूले विवाह गरेको जानकारी दिएकी हुन् ।

'हामीले यो गर्यौं । प्रेम सुन्दर छ । र यो बाहिर जान्छ कि प्रेम धैर्य हो । बीस वर्षको धैर्य', उनले लेखेकी छन् । यो जोडीले १७ वर्षअघि इन्गेजमेन्ट गरेर त्यसलाई तोडेका थिए ।

गत वर्ष यो जोडीले साम(ाजिक सञ्जालमा आफ्नो प्रेम पुनः सुरु भएको जनाउ दिएका थिए । नेभाडामा भएको द क्लार्ट कन्टी क्लेकको कार्यालयमा राखिएको रेकर्ड प्रणाली अनुसार अब जेनिफरले



आफ्नो नाम जेनिफर एफलेक लेख्नेछिन् ।

जेनिफरका अनुसार जोडी गत शनिबार लसभेगास पुगेर उनीहरूले विवाहको अनुमति पत्र लिएका थिए । जहाा अन्यन चार जोडी पनि अनुमति पत्र लिन पुगेको हो ।

सन् २००२ मा फिल्म 'गिग्ल(ी'को सेटमा यो जोडीको भेट भएको थियो । त्यसपछि सन् २००३ मा उनीहरू इन्गेज्ड भए । लगत्तै उनीह(रूले मिडियाले आफूहरूलाई बढी ध्यान दिएको कारण देखाउदै उनीहरू अलग्गिने निर्णय गरेका थिए ।

यो अवधिमा लोपेज धेरैपटक इन्गेज्ड भइन् । उनले गायक मार्क एन्थोनीसागै विवाह गरेकी थिइन् । एफलेकसाग उनको यो चौथो विवाह हो ।

## रंगशाला

# एसियन शारीरिक सुगठनमा राजुलाई कास्य



■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाली शारीरिक सुगठन खेलाडी राजु राईले माल्दिभ्समा आयोजना भइरहेको ५४ औं एसियन शारीरिक सुगठन तथा फिजिक स्पोर्टस्अन्तर्गत फिटनेस फिजिकमा कास्य पदक प्राप्त गरेका छन् ।

सोमबार टिम व्यवस्थापक तथा संघका उपाध्यक्ष दिनेश राजभण्डारीले राजुले कास्य पदक प्राप्त गरेको जानकारी गराए । राजुले १७० सेमिसम्मको समूहमा तेस्रो स्थान प्राप्त गर्दै कास्य पदक हात पारेका हुन् ।

२४ राष्ट्र सहभागी सो विधामा राजुले स्पाइडर म्यान प्रदर्शन तथा फिजिकतर्फ पदक जित्न सफल भएका हुन् । यसअघि पनि नेपाली खेलाडीहरूले एसियन शारीरिक सुगठनमा पदक प्राप्त गरिसकेका छन् ।

यस्तै, सोही प्रतियोगिताका दौरान शारीरिक सुगठन खेलको विकासमा ठोस योगदान पुऱ्याएबापत विश्व शारीरिक सुगठन तथा फिजिकल फिटनेस महासंघले नेपाल शारिरीक सुगठन तथा फिजिकल फिटनेसका अध्यक्ष राजेशबाबु श्रेष्ठलाई सम्मान गरेको छ ।

प्रतियोगतामा राजुसहित सुजिता मानन्धर र उमेश राईको पनि सहभागिता थियो । सुजिताले सोमबार आफ्नो फिजिकअन्तर्गतको विधामा प्रतिस्पर्धा गर्दै छिन् । यस्तै उमेश राईले बुधबार प्रतिस्पर्धा गर्दैछन् । प्रतियोगितामा नेपालका तर्फबाट निर्णायकको भूमिका निर्वाह गर्न अन्तर्राष्ट्रिय निर्णायक एवं संघका वरिष्ठ उपाध्यक्ष विजयलाल कायस्थ, नानीकाजी डंगोल र लक्ष्मण महत पनि माल्दिभ्समा छन् । नेपालले २०२३ मा ५५औं एसियन शारीरिक सुगठन तथा फिजिक स्पोर्टस् आयोजना गर्ने भएको छ ।

## साफका लागि नेपाली टोलीको घोषणा

**काठमाडौं (प्रस)–** भारतमा आयोजना हुने साफ यु-२० पुरुष च्याम्पियनसिपका लागि अखिल नेपाल फुटबल संघले आज २३ सदस्यीय नेपाली फुटबल टोलीको घोषणा गरेको छ ।

यही साउन ९ देखि २० गतेसम्म भारतको भुवनेश्वरमा आयोजना हुने उक्त च्याम्पियनसिपका लागि यु-२० का मुख्य प्रशिक्षक मेघराज केसीले ३० सदस्यीय खेलाडीबाट अन्तिम टोलीको छनोट गर्नुभएको हो । छनोट हुने खेलाडीको गोलकिपरमा ईश्वर गुरुङ, उनेश चौधरी र जियारथ शेख छन् ।

यसैगरी डिफेन्डरमा अमर श्रेष्ठ, सोनित दाहाल, आयुश श्रेष्ठ, अजय चौधरी, सुमित श्रेष्ठ, सृजन धानी, रोशन थापा र अभिशेक वाइवा रहेका छन् । मिडफिल्डरमा दीपेश गुरुङ, आशिष राई, सन्दिप कार्की, जन्मजय धामी, मोहित गुरुङ, कृतिषरत्न छुन्जु, सुगम सुवाल, मनग्य नकर्मी र आयुष घलान छन् भने फरवार्डमा दीपेश राई, निरञ्जन मल्ल र रोहन खड्गी रहेका छन् ।

उक्त प्रतियोगितामा आयोजक भारतसँगै नेपाल, बंगलादेश, माल्दिभ्स र श्रीलङ्का गरी पाँच टोलीको सहभागिता रहेको छ । नेपालले उक्त प्रतियोगिताको उद्घाटन खेलमा माल्दिभ्सको सामना गर्नेछ । उक्त खेल यही साउन ९ गते हुनेछ । यसैगरी नेपालले आफनो दोस्रो खेल साउन ११ गते श्रीलङ्काको सामना गर्नेछ भने तेस्रो खेल आयोजक भारतसँग खेल्नेछ । नेपालले भारतसँग साउन १५ गते खेल्नेछ । त्यस्तै नेपालले साउन १७ गते बंगलादेशको सामना गर्नेछ । प्रतियोगितामा शीर्ष दुई स्थान हात पार्ने टोलीले फाइनल खेल्नेछन् ।

# अम्पायरिङ तथा स्कोरिङ तालिम सम्पन्न




■ प्रभाव संवाददाता

**काठमाडौं –** नेकोस राष्ट्रिय क्रिकेट संघको आयोजनामा इलाममा तीन दिवसीय 'ओ' लेभल क्रिकेट अम्पायरिङ तथा स्कोरिङ प्रशिक्षण कार्यक्रम सम्पन्न भएको छ ।

जिल्ला क्रिकेट संघ इलामको व्यवस्थापनमा गत शुक्रबारदेखि आइतबारसम्म आयोजना भएको प्रशिक्षण कार्यक्रममा विभिन्न जिल्लाका महिला तथा पुरुष प्रशिक्षार्थीले सहभागिता जनाएका थिए । सहभागीहरूलाई आईसीसी प्यानल अम्पायर बुद्धिबहादुर प्रधान, लेभल टु अम्पायर कमलेश झा र उज्वल रेग्मीले प्रशिक्षण दिएका थिए ।

समापन कार्यक्रममा नेपाल खेलकुद महासंघका केन्द्रीय अध्यक्ष तथा निवर्तमान सदस्य सचिव पर्शुराम बस्नेत, नेपाल क्रिकेट संघका कोषाध्यष रोशनकुमार सिंह, नेकोस राष्ट्रिय क्रिकेट संघका केन्द्रीय इन्चार्ज दिपेन्द्रप्रसाद ढकाल र नेपाल खेलकुद महासंघ प्रदेश अध्यक्ष राजकुमार थापालगायतको उपस्थिति थियो ।

नेपाल खेलकुद महासंघका केन्द्रीय अध्यक्ष तथा निवर्तमान सदस्य सचिव पर्शुराम बस्नेतले नेपाल सबैभन्दा बढी सम्भावना भएको खेल नै क्रिकेट भएको र यो खेललाई अगाडि बढाउने सबै एकजुट भएर लाग्नुपर्ने बताए ।

उनले क्रिकेट विकासका लागि नेकोस राष्ट्रिय क्रिकेटले गरेको कार्य एकदमै सराहनीय र लाभदायक भएकाले अगामी दिनमा पनि यो संघले अझै उपब्धिमूलक कार्यहरू गर्नेमा विश्वास व्यक्त गरे ।

उनले नेपाल क्रिकेट संघको वर्तमान कार्यसमितिले आईसीसीबाट लागेको आर्थिक निलम्वन फुकुवा गर्न महत्वपूर्ण भूमिका खेलेकोमा प्रशंसा गरे ।

नेपाल क्रिकेट संघका कोषाध्यक्ष रोशनकुमार सिंहले नेकोस राष्ट्रिय क्रिकेटले आयोजना गरेको तीन दिवसीय 'ओ' लेभल क्रिकेट अम्पायरिङ तथा स्कोरिङ प्रशिक्षण कार्यक्रमले नेपालभरि नयाँ अम्पायर तथा स्कोररहरू उत्पादन हुने विश्वास व्यक्त गरे । उनले नेकोस राष्ट्रिय क्रिकेट संघले क्यानसँग सहकार्य गरेर यो कार्यक्रमा आयोजना गरेकोमा संघका अध्यक्ष तथा पदाधिकारीहरूलाई धन्यवाद दिए । प्रशिक्षण कार्यक्रममा नेपालका विभिन्न जिल्लाबाट कूल ३४ प्रशिक्षार्थीहरूले सहभागिता जनाएका थिए ।



भारतको नयाँ राष्ट्पति चयनका लागि भएको निर्वाचनमा मतदान गरेपछि नयाँ दिल्लीस्थित संसद् भवनमा प्रधानमन्त्री नरेन्द्र मोदी । *तस्बिरः एपी*

# सुडानको जातीय दंगामा ६५ जनाको मृत्यु

**खार्तोम–** सुडानको खार्तोममा भएको जातीय दंगामा परी मृत्यु हुनेको संख्या ६५ पुगेको बताइएको छ । सुडानको ब्लु नाइल प्रदेशमा भएको सो जातीय दंगाको घटनामा परी आइतबार बिहानसम्ममा मृत्यु हुनेको संख्या ६५ जना पुगेको यहाँको अल सुडान दैनिक पत्रिकाले जनाएको छ ।

सुडानको ब्लु नाइल प्रदेशका केही ठाउँमा जातीय दंगा भएका छन्, ती घटनामा परी ६५ जनाको मृत्यु भएको उक्त दैनिक पत्रिकाले जानकारी दिएको छ । सो दंगामा परेर अरू दर्जनौँ व्यक्ति घाइते भएकोसमेत यहाँका एक सुरक्षा समितिले जारी गरेको वक्तव्यमा जनाइएको छ ।

झडपका क्रममा कैयौं पसलहरू क्षतिग्रस्त भएका छन् भने केही घरमा आगजनी पनि गरिएको अधिकारीहरूले जानकारी दिएका छन् । आइतबारसम्म सुरक्षाकर्मीहरूले परिस्थिति नियन्त्रणमा लिइसकेको जनाएका छन् भने केही शंकास्पद व्यक्तिहरूलाई पक्राउ गरेका छन् ।

सुरक्षा समितिले घटनास्थलमा कफर्यु आदेश जारी गरेको छ । कफर्यु लगाइएको क्षेत्रमा मानिसहरूलाई आवातजावत र भीडभाड गर्न निषेध गरिएको छ । स्थानीय बेर्टी र हौसा जातीय समूहका बीचमा झडप भएको प्रत्यक्षदर्शीहरूले बताएका छन् । उनीहरूले विभिन्न हतियारको प्रयोग गरेका थिए ।

अफ्रिकी मुलुक सुडानको पूर्वी क्षेत्रमा पर्ने ब्लु नाइल प्रदेश इथियोपियाको सीमा क्षेत्र हो । सुडानमा लामो समयदेखि विभिन्न आन्तरिक द्वन्द्व तथा राजनीतिक संकट छ । *रासस/सिन्ह्वा*

# श्रीलंकामा संकटकाल घोषणा

**कोलम्बो–** श्रीलंकामा संकटकालको घोषणा गरिएको छ । श्रीलंकाका कार्यवाहक राष्ट्रपतिले सोमबार संकटकालाको घोषणा गरेका हुन् ।

उनले सोमबारबाट लागू हुने गरी श्रीलंकामा संकटकालको घोषणा गरेका समाचारमा जनाइएको छ ।

श्रीलंकाका कार्यवाहक राष्ट्रपति रनिल विक्रमासिंघेले राष्ट्रिय सम्पत्तिको संरक्षण गर्न, नागरिकको जीवनरक्षा गर्न तथा यहाँका नागरिकहरूका लागि अत्यावश्यकीय सेवाको आपूर्ति गर्नका लागि संकटकालको घोषणा गर्न आवश्यक रहेको बताएका थिए ।

सोहीबमोजिम राष्ट्रपति विक्रमासिंघेले सोमबार एक विशेष सूचनामार्फत् देशव्यापी रूपमा सोमबारदेखि नै लागू हुनेगरी संकटकालको घोषणा गरेको बताइएको हो ।

उता श्रीलंकाली संसद्ले यही जुलाई २० मा नयाँ राष्ट्रपतिको निर्वाचन गर्ने भएको छ । जुलाई २० मा यहाँको संसद्ले नयाँ राष्ट्रपतिको निर्वाचन गर्न लागेको र त्यसका लागि मंगलबार उम्मेदवारी दर्ताको कार्यक्रम रहेको जानकारी सभामुखले यसअघि नै दिएका छन् ।

यहाँका राष्ट्रपति गोटाबाया राजपाक्ष भागेर सिंगापुर पुगेका छन् । त्यसपछि यहाँको कार्यवाहक राष्ट्रपतिमा प्रधानमन्त्री विक्रमासिंघे नियुक्त भएका हुन् ।

श्रीलंका पछिल्लो समयमा आर्थिक संकटमा फसेको छ । देश आर्थिक संकटमा फसेसँगै यहाँको राजनीतिक अस्थिरतामा पनि थप बढ्दै गएको बताइएको छ । *रासस/सिन्ह्वा*



## युक्रेनी सुरक्षा प्रमुख बर्खास्त

**किभ–** युक्रेनका राष्ट्रपति भोलोडिमिर जेलेन्स्कीले सुरक्षा सेवाका प्रमुख र राज्यका केही अभियोजकलाई देशद्रोह र रसियासँग साँठगाँठ गरेको आरोपलगायत अन्य विभिन्न आक्षेप लगाउँदै बर्खास्त गरेका छन् ।

सुरक्षा सेवाका प्रमुख इभान बाकानोभ र रुसी युद्ध अपराधको अभियोग निरूपण गर्ने निकायको नेतृत्व गर्ने अभियोजक जनरल इरिना भेनेडिक्टोभालाई बर्खास्त गरेका हुन् । उनीहरूले युक्रेनविरुद्ध रुस नियन्त्रित क्षेत्रहरूमा काम गरेका, आफ्नो भूमिमा रुसी घुसपैठलाई अनदेखा गरेको, राज्यको राष्ट्रिय सुरक्षालाई बेवास्ता गरेकोलगायत आरोप राष्ट्रपति जेलेन्स्कीले लगाएका छन् । *रासस/एपी*

# भारतमा मंकीपक्सको दोस्रो बिरामी भेटियो

**नयाँ दिल्ली–** भारतमा मंकीपक्सको दोस्रो संक्रमित व्यक्ति भेटिएको छ । दक्षिणी राज्य केरलामा विदेशबाट आएका एक व्यक्तिमा सोमबार मंकीपक्स संक्रमण पुष्टि भएको केरला राज्यको स्वास्थ्य विभागका एक अधिकारीले पुष्टि गरेका छन् ।

केरला राज्यका स्वास्थ्यमन्त्री वीना जर्जका अनुसार पुणे सहरको नेसनल इन्स्टिच्युट अफ भिरोलोजी (एनआइभी) मा उनको नमूना परीक्षण गरिएपछि दोस्रो मंकीपक्स संक्रमण पुष्टि गरिएको हो । केरला सरकारले यो रोगविरुद्धको रोकथामका उपायलाई तीव्रता दिएको छ ।

कन्नूर जिल्लाका स्थायीवासिन्दा ३१ वर्षीय युवकको केरलाको एक सरकारी अस्पतालमा उपचार भइरहेको बताइएको छ । उनी जुलाई १३ मा दुबईबाट केरला आएका थिए । मंकीपक्स संक्रमित बिरामीको स्वास्थ्य चिन्ताजनक अवस्थामा नरहेका बताइएको छ ।

प्रशासनले उनको सम्पर्कमा आएका व्यक्तिहरूलाई पनि समूहमा घुलमिल नहुन भनिएको छ । साथै, चिकित्सकहरूले उनीहरूको स्वास्थ्य अवस्थालाई पनि अवलोकन गरिरहेका छन् ।

मुलुककै पहिलो मंकीपक्सको बिरामी केरालामा नै पत्ता लागेको थियो । तर, ती संक्रमित व्यक्ति संयुक्त राज्य अमेरिकाबाट आएका यात्री थिए र जुलाई १२ मा उनी केरला आइपुगेका थिए ।

भारतमा मंकीपक्सको पहिलो संक्रमण पुष्टि भएपछि केन्द्र सरकारले थप फैलिन नदिन आवश्यक सावधानी अपनाउन र परीक्षणलाई व्यापक बनाउन वरिष्ठ चिकित्सकसहितका समूहलाई विभिन्न राज्यमा पठाएको थियो । *रासस/एएनआई*

# इरानमा कोभिडको सातौं लहर

**तेहरान–** इरानका स्वास्थ्यमन्त्रीले देशमा कोभिड-१९ को सातौं लहर आएको जानकारी दिएका छन् । स्वास्थ्यमन्त्री बहराम एइनोल्लाहीले देशमा कोरोना महामारीको सातौं लहर सुरु भएको बताएका हुन् । आइतबार आयोजना गरिएको पत्रकार सम्मेलनमा उनले देशमा कोरोना महामारीको सातौं लहर सुरु भएकाले थप सतर्कता अपनाउन आग्रह गरेका छन् ।

उनले सबै इरानीहरूलाई कोभिड खोपको बुस्टर मात्रा लिन र महामारीबाट बच्नका लागि आवश्यक स्वास्थ्यका मापदण्ड अपनाउन आग्रह गरेका छन् । स्वास्थ्यमन्त्री बहरामले आइतबार पाँच हजार ७०० भन्दा बढी नागरिकमा कोभिडको संक्रमण देखापरेको र १३ जनाको ज्यान गएको बताएका छन् ।

ती नयाँ संक्रमितहरूमध्ये ६०० भन्दा बढीलाई अस्पताल भर्ना गर्नुपरेको जानकारी पनि उनले दिएका छन् । इरानमा अहिलेसम्म ७२ लाखभन्दा बढी संक्रमित भएका छन् भने एक लाख ४१ हजारभन्दा बढी नागरिकको ज्यान गइसकेको छ । *रासस/सिन्ह्वा*


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : TALENT COMPANY FOR HUMAN RESOURCES

पूर्व स्वीकृति मिति २०७८/१२/२५ पुन विज्ञापन स्वीकृति मिति २०७९/04/02 LT. No.261193 चलानी नं. ६०१७७६६४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Truck Driver | 19 | 0 | 1800 | ६१,०२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता संस्थाको कार्यालय काठमाडौंमा साउन ९ (25th July. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: १०,०००/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Humour Overseas Pvt. Ltd.** श्रम ईजाजत नं. ७७७/०६५/०६६

Gwarko-7, Lalitpur, Tel No. +977-01-5528563, 5531210, 5525424

Email : humouroverseas777@gmail.com, infohumour@gmail.com, www.humouroverseas.com

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : EMBRACE INDUSTRIES SDN.BHD.

पूर्व स्वीकृति मिति २०७९/03/२४ LT. No. 266748 चलानी नं. ६०१८२९५८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 250 | 0 | 1500 | ४३,०६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः साउन १० गते (26th July 2022)मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**:निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**AMCON OVERSEAS PVT LTD** श्रम ईजाजत नं. ६८४/०६३/०६४

Chappal Karkhana, Kathmandu, Tel: 01-4373522, 4373977

E-mail: amconoverseas123@gmail.com

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : SONG LEI PLANTATION SDN BHD

पूर्व स्वीकृति मिति २०७६/१०/०९ पुन विज्ञापन स्वीकृति मिति २०७९/04/02 LT. No. 231440 चलानी नं. ६०१५०४१८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Farmer | 1 | 0 | 1100 | ३१,५८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः साउन १० गते (26th July 2022)मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**:निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Broadway Overseas Employment Service Pvt. Ltd.** Govt. License 378/059/060

Gaushala, Pingalasthan, Ktm, Nepal. Tel. : +977 1 4475367/4475368, Fax : +977 1 4475369

## हक दावी गर्न आउने बारे ३५ दिने सुचना

**यस कार्यालयमा मिति २०७५/०४/१५ मा दर्ता भएको प्रा.लि.नं. १९४५२९ को गढी भिलेज रिसोर्ट प्रा.लि. नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनी यस कार्यालयमा निवेदन पेश गरेको हुदाँ उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दाविको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारिज गरिने छ ।**

## सूचना ! सूचना !! सूचना !!!

Dream & Guide System Pvt. Ltd मा कार्यरत **प्रदिप तिमलसिना** (Accountant) पदमा र **रिता पौडेल कार्की** (Document Controller) पदमा काम गर्दै आइरहेको कर्मचारी यस प्रा.लि.बाट हटाइएको छ । निज व्यक्तिसँग यस प्रा.लि.सँग सम्बन्धित आर्थिक तथा अन्य कुनै पनि कारोबार नगर्नु नगराउनु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । यदि निजसँग वैदेशिक रोजगारसँग सम्बन्धित कुनै आर्थिक लेना-देना भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस प्रा.लि. मा सम्पर्क गर्न आउनुहोला अन्यथा कानून बमोजिम भै-जाने व्यहोरा अनुरोध छ।

**हटाइएको कर्मचारीको नाम र सम्पर्क नं.** :

**१. प्रदिप तिमलसिना - ९८४९७६५९५२**

**२. रिता पौडेल कार्की - ९८०३०५२९८०**

**Dream & Guide System Pvt. Ltd.**

P.O.Box:- 144,Sundar Marg, Basundhara-3, Kathmandu, Nepal,

Tel: - +977-01-5905860, 5905859, Email: - dreamguidesystem@gmail.com

info@dreamandguide.com, Web:- www.dreamandguide.com

श्रम ईजाजत नं. ६७१/०६३/०६४

**प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्,**

**स्तर निर्धारण तथा सम्बन्धन महाशाखा**

**सानोठिमी, भक्तपुरको**

**श्री नागरीक कम्यूनिटि टिचिङ्ग हस्पिटल प्रा.लि. गठ्ठाघर, भक्तपुरको नाममा सम्बन्धन/स्वीकृति प्रमाण-पत्र तह सामान्य चिकित्सा कार्यक्रमको सम्बन्धमा ३५ दिने हकदावी सम्बन्धी जरुरी सूचना**

**प्रथम पटक सूचना प्रकाशित मिति २०७९/०४/०३**

यस परिषद्बाट प्रमाण-पत्र तह सामान्य चिकित्सा कार्यक्रमको सम्बन्धन/ स्वीकृति लिएको संस्था श्री नागरीक कम्यूनिटि टिचिङ्ग हस्पिटल प्रा.लि. गठ्ठाघर, भक्तपुरले उल्लेखित कार्यक्रमलाई श्री नागरीक कलेज अफ हेल्थ साइन्स लिमिटेड मध्यपुरठिमी न.पा.३, गठ्ठाघर, भक्तपुरको नाममा हस्तान्तरण गराई पाउँ भनी दिएको निवेदन माथि कारवाही हुंदा यस परिषद् कार्यालयको मिति २०७९/०३/३० गतेको निर्णय अनुसार उक्त कार्यक्रम प्रति कोही कसैको हकदावी विरोध भए अन्तिम सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र स-प्रमाण सहित हकदावी विरोधको लागि सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । साथै म्याद नाघि आएका उजुरी उपर कुनै कारवाही नहुने तथा कार्यक्रम हस्तान्तरण प्रकृया अगााडी बढ्ने व्यहोरा समेत सम्बन्धित सबैमा यसै सूचनाद्धारा जानकारी गराइन्छ ।

**सम्पर्कका लागि**

**प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्**

**सानोठिमी भक्तपुर । फोन नं. ०१-६६३०४०८**

## वर्गीकृत विज्ञापन संकलन काउन्टर

**पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१ । ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१ । Reachmond Books Shop (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217 । दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६ । ज्ञानज्योति पुस्तक पसल - बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. - पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HallMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एन्ड बी. कम्यूनिकेशन एन्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफयाक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७ ।**

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - ९९००० | प्रति तोला - ९३५०० | प्रति तोला - ११६५ |

# साउनभित्र बोलपत्र आह्वान गरिसक्न परिपत्र

■ प्रभाव संवाददाता



**काठमाडौं–** सरकारले चालु आर्थिक वर्ष २०७९/८० को बजेट कार्यान्वयन आइतबारदेखि नै सुरु गरेको जनाएको छ। सो बजेट समयमै कार्यान्वयन गर्न गराउन र साउन महिनाभित्र गर्नुपर्ने बोलपत्र आह्वान गरिसक्न समेत सम्बन्धित निकायलाई परिपत्र गरेको छ। गत आर्थिक वर्ष २०७८/७९ मा बजेट कार्यान्वयनमा कमजोर देखिएपछि सरकारले चालु आर्थिक वर्षकालागि मार्गदर्शन जारी गर्दै सो परिपत्र जारी गरेको जनाएको छ। अर्थ मन्त्रालयबाट बजेट कार्यान्वयन गर्ने सबै निकायहरूका लागि मार्गदर्शन जारी गरि पत्र पठाएको जनाएको छ।

मार्गदर्शनअनुसार स्वीकृत वार्षिक कार्यक्रममा परेका आयोजनाको तयारीका चरण पूरा गरी कार्यक्रम/आयोजनाको त्रैमासिक विभाजनसहितको वार्षिक खरिद योजना, विस्तृत डिजाइन र लागत अनुमान तयार गरी साउन मसान्तभित्र स्वीकृत गरी बोलपत्र आह्वान गरिसक्न निर्देशन दिएको छ। २०७९ असोज मसान्तभित्र बोलपत्र मूल्यांकन गरी ठेक्का सम्झौता गरि काम गर्नुपर्ने परिपत्र समेत अर्थमन्त्रालयले जारी गरेको छ।

ठेक्का सम्झौता भएको १५ दिन अर्थात कार्तिक १५ गते भित्र काम सुरु गरिसक्नु पर्ने समेत निर्देशन दिएको छ। मन्त्रालय/निकाय मातहत पुँजीगत खर्च गर्ने कार्ययोजना (जिम्मेवार पदाधिकारीको नाम सहित) समेत असोज मसान्तभित्र तयार पारी त्यसको मासिक अनुगमन सरोकारवाला निकायले गर्नुपर्ने मार्गदर्शनमा उल्लेख गरिएको छ। विनियोजित कार्यक्रम/आयोजनामा नपरेका आयोजना र कार्यक्रमलाई बजेट, निकासा, रकमान्तर तथा कार्यक्रम संशोधनको माग समेत गर्न पाइने छैन। मार्गदर्शन अनुसार बजेट कार्यान्वयन गर्ने निकायले निर्माण व्यवसायीमाथि पुरस्कार र दण्डको नीति समेत लिई कार्यान्वयनमा जान निर्देशन दिएको छ।

तोकिएको परिमाण, लागत, गुणस्तर र समयसीमा भित्र निर्माणको काम सम्पन्न गर्ने व्यवसायीलाई वित्तीय तथा गैरवित्तीय प्रोत्साहन दिन भनिएको छ। काम नगर्ने कर्मचारीमाथि कानुनअनुसार कारबाहीकालागि सम्बन्धित निकायमा पठाइ सम्झौता रद्द गर्न समेत भनिएको छ।

सडक, पुल, बाँध, सिँचाइ नहरजस्ता लामो समयसम्म सञ्चालनमा रहने ५ करोड भन्दा माथिका पूर्वाधार आयोजनाको मर्मत ५ वर्षसम्म निर्माण कम्पनीबाटै गर्न समेत मन्त्रालयले निर्देशन दिएको छ। सार्वजनिक निकायमा स्वदेशी वस्तुको उपयोग गर्ने निर्देशिका २०७१ अनुसार मालसामान तथा वस्तु खरीद गर्ने व्यवस्था मिलाउन भनिएको छ। सडक निर्माणको ठेक्का आह्वान गर्दा खानेपानी तथा ढल, बिजुलीको पोल/तार व्यवस्थापन वा भूमिगत गर्ने समेतको काम एकै प्याकेजमा समावेश गरी बोलपत्र आह्वान गर्न गराउन निर्देशन दिएको छ।

अर्थमन्त्रालयले दोस्रो चौमासिकसम्म थप निकासा समेत रोकेको छ विपद, मन्त्रिपरिषद्को निर्णय र विशेष अवस्थामा बाहेक अन्यको थप निकासा रोकिएको छ। राष्ट्रिय गौरवको आयोजना, अनिवार्य दायित्व (तलब, पारिश्रमिक, भत्ता, स्थानीय भत्ता, पोशाक, पानी तथा बिजुली, सञ्चार महसुल, खाद्यान्न, घरभाडालगायत) बाट खर्च शीर्षकमा अन्यत्र रकमान्तर गर्न नपउने बताइएको छ। मार्गदर्शन अनुसार सरकारी कार्यालयले यस आवमा चारपांग्रे सवारी साधन खरिद गर्ने समेत रोक लगाएको छ।

मर्मत सुधार गर्दा समेत सञ्चालनमा नआउने सवारी साधन अनिवार्य रूपमा लिलामी गर्ने व्यवस्था मिलाउनु निर्देशन दिएको छ। सरकारी कार्यालयले कार्यालय प्रयोजनका लागि खाली भएको भवनलाई प्रयोगमा ल्याउन निर्देशन दिएको छ। परामर्शदाता नियुक्त गरी कार्य सम्पादन गराउनुको साटो आफ्नै जनशक्तिको उपयोगमा गर्न भनिएको छ। वैदेशिक भ्रमणमा अर्थमन्त्रालयको अनिवार्य सहमति आबश्यक पर्ने जनाएको छ।

# पुँजीगत खर्च लक्ष्यभन्दा १६२ अर्ब न्यून

■ प्रभाव संवाददाता

**काठमाडौं–** सरकाले पुंजीगत खर्चको शतप्रतिशत लक्ष्य भेट्टाउने उद्घोष गरेपनि लिएका लक्ष्य भेटाउन सकेन। वर्तमान सरकारले आर्थिक वर्ष सकिंदा मात्र ५७ दशमलव २३ प्रतिशतमात्र पुँजीगत खर्च गर्न सकेको छ।

महालेखा नियन्त्रक कार्यालयको प्रारम्भिक तथ्यांक अनुसार गते आर्थिक वर्ष २०७८/७९ मा ३२ असारसम्म २ खर्ब १६ अर्ब ३७ करोड २७ लाख रूपैयाँ पुँजीगत खर्च भएको उल्लेख गरेको छ। सो अवधिमा सरकारले ३ खर्ब ७८ अर्ब ९ करोड ७७ लाख रूपैयाँ पुँजीगत खर्चको लक्ष्य राखेको थियो। तर सो आवमा सरकारले १ खर्ब ६२ अर्ब रूपैयाँ कम पुँजीगत बजेट खर्च गरेको छ। तथ्यांक अनुसार पछिल्लो ६ वर्षयता आर्थिक वर्ष २०७६/७७ मा सबैभन्दा कम विकास खर्च भएको छ।

समयमा काम सपन्न नगर्ने तर आर्थिक वर्ष सकिन बाँकी रहेको एक महिनाभित्र अन्धधुन्ध विलपास गरेर भुक्तादी दिने पुरानै परिपाढीले निरन्तरता पाएको छ। सरकारले असार एक महिनाको अवधिमा ७९ अर्ब रूपैयाँ पुँजीगत खर्च गरेको बताएको छ। २०७९ जेठ ३१ गते १ खर्ब ३७ अर्ब रूपैयाँ रहेको पुँजीगत खर्च २०७९ असार ३२ गतेसम्म २ खर्ब १६ अर्ब खर्च गरेको छ।

आर्थिक वर्षको प्रारम्भिक दिनमा खर्चलाई गति दिन नसक्दा अन्ततः आर्थिक वर्षको अन्त्यमा खर्चमा चाप पर्दै गएको छ। महालेखा नियन्त्रकको कार्यालयले तयार पारेको तथ्यांक अनुसार आव २०७८/७९ मा सरकारले १२ खर्ब ९६ अर्ब २४ करोड रूपैयाँ बजेट खर्च गर्न सकेको जनाएको छ। यो चालु, पुँजीगत र वित्तीय व्यवस्थासमेतको कूल खर्च हो। यो बजेट खर्च कूल लक्ष्यको ७९ दशमल ३९ मात्र प्रगति रहेको छ।

२०७९ जेठ ३१ गते १० खर्ब ३५ अर्ब रूपैयाँ रहेको कूल बजेट खर्च ३२ असार २०७९ मा पुग्दा १२ खर्ब ९६ अर्ब रूपैयाँ पुगेको थियो। यस आवमा सरकारले कूल १६ खर्ब ३२ अर्ब ८२ करोड रूपैयाँको बजेट कार्यान्वयन गरिरहेको थियो। यसआवमा सरकारले ९ खर्ब ६१ अर्ब ४७ करोड रूपैयाँ चालु खर्च गर्न सकेको छ। यो लक्ष्यको ९० दशमलव २५ प्रतिशत रहेको छ। सरकारले १० खर्ब ६५ अर्ब २९ रकोड रूपैयाँ चालु खर्चको लक्ष्य लिएको थियो।

तथ्यांक अनुसार यस आवमा सरकारले १ खर्ब १८ अर्ब ३९ करोड रूपैयाँ वित्तीय व्यवस्थामा खर्च गरेको देखिएको छ। वित्तीय व्यवस्थामा यस वर्ष १ खर्ब ८९ अर्ब ४३ करोड रूपैयाँ बजेट खर्च गर्ने लक्ष्य सरकारको रहेको थियो।

गत आवमा सरकारले राजस्व संकलन समेत लक्ष्य अनुसार गर्न सकेन। सो आर्थिक वर्षको अन्तिम चौमासमा कडाई गरेको थियो। यसको प्रभाव राजस्व संकलनमा परेको छ। जस अनुसार सरकारले असार ३२ गतेसम्म १० खर्ब ६७ अर्ब ९५ करोड रूपैयाँ अर्थात कूल लक्ष्यको ९ दशमलव ४६ प्रतिशत रहेको छ। यस आवमा सरकारले ११ खर्ब ८० अर्ब ६० करोड रूपैयाँ राजस्व संकलन गर्ने लक्ष्य राखेको थियो।

# कोषको निर्देशिका स्वीकृत

**काठमाडौं (प्रस)–** सामाजिक सुरक्षा कोषको 'योगदानकर्ता सापटी निर्देशिका २०७९' स्वीकृत भएको छ। सो निर्देशिका श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शेरबहादुर कुँवरले स्वीकृत गरेसंगै सापटी समेत पाउने भएको छ। योगदानमा आधारित सामाजिक सुरक्षा ऐन २०७४ को दफा ३२ को उपदफा (१) को खण्ड (ट) तथा सरकारले स्वीकृत गरेको सामाजिक सुरक्षा कोष लगानी कार्यविधि २०७७ को व्यवस्था बमोजिम उक्त निर्देशिका तयार पारिएको थियो। सो निर्देशिका स्वीकृतसंगै योगदानकर्ता घर सापटी अन्तर्गत नयाँ घर निर्माण, आफ्नो स्वामित्वमा रहेको घरको तला थप्न, मर्मत गर्न, संयुक्त आवासमा युनिट खरिद गर्न र घर खरिद गर्ने कार्यमा कोषले सापटी दिने व्यवस्था मिलाएको छ।

३६ महिना योगदान रकम जम्मा गरेका, उमेर र सेवा अवधिका आधारमा अवकाश हुन कम्तिमा दुई वर्ष बाँकी रहेका योगदानकर्तालाई सापटी प्रदान गर्ने सो निर्देशिकामा उल्लेख छ। घर सापटी स्वीकृत गर्दा धितो मूल्यांकनबाट कायम भएको रकममा नबढ्ने रकम स्वीकृत हुने जनाइएको छ। त्यसका लागि तीन प्रकारका विधिबाट जुन विधिमा रकम कम हुन्छ, जसअनुसार सापटी दिइने श्रम मन्त्रालयले बताएको छ। पहिलो विधिअनुसार, धितोका आधारमा ७५ लाख रूपैयाँसम्म सापटी दिइने जनाएको छ। दोस्रोमा योगदानकर्ताको १५ वर्षको तलब बराबर सापटी दिइने कोषले बताएको छ। तेस्रोमा योगदानकर्ता ६० वर्ष उमेर पुग्न बाँकी अवधिको तलब बरारबर रकम दिइने उल्लेख गरिएको छ।

निर्देशिकाले शैक्षिक सापटीको व्यवस्था गरेको छ। कोषमा ३६ महिना योगदान रकम जम्मा गरेका र उमेर वा सेवा अवधिका आधारमा अनिवार्य अवकास हुन कम्तिमा दुई वर्ष बाँकी रहेका योगदानकर्ताको हकमा शैक्षिक सापटीको व्यवस्था गरिएको छ। सापटी योगदानकर्ता वा निजका पति, पत्नी, छोरा, छोरीलाई स्वदेश वा विदेशका शैक्षिक संस्थामा उच्च शिक्षा अध्ययन प्रयोजनका लागि प्रदान गर्न सकिने उल्लेख छ।

# विलासी वस्तु आयातमा थप ४४ दिन प्रतिबन्ध

■ प्रभाव संवाददाता

**काठमाडौं–** सरकारले असार मसान्तसम्मकालागि भन्दै गरेको विलासी बस्तुको आयातमा थप प्रतिबन्द लगाएको छ। उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले आयातमा रोक लगाइएका १० वस्तुको प्रतिबन्धलाई ४४ दिन थप गरेर झन कडाई गर्ने नीति लिएको छ। आइतबार उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयले राजपत्रमा सूचना प्रकाशित गरेर वैशाखमा लगाइएको प्रतिबन्धलाई भदौ १४ गतेसम्मका लागि निरन्तरता दिएको जनाएको छ। नयाँ राजपत्र अनुसार अब १ सय ५० सीसीभन्दा माथिका मोटरसाइकल र ३ सय डलरभन्दा माथिल्लो मूल्यका मोबाइल आयात प्रतिबन्ध थप गरिएको छ। यसअघि २५० सीसीभन्दा माथिका मोटरसाइकल र ६०० डलर माथिको मोबाइल आयातमा रोक लगाइएको थियो।


मन्त्रालयले गत वैशाख १३ गते निकासी तथा पैठारी ऐन २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गर्दै सबै प्रकारका मदिरा, सुर्ती, डिजेल तथा पेट्रोल गाडी, २ सय ५० सिसीभन्दा बढीका मोटरसाइकल, कुरकुरे तथा लेजलगायतका खाद्यान्न, हीरा, ६०० डलरभन्दा महँगा मोबाइल सेटलगायतको आयातमा प्रतिबन्ध लगाएको थियो।

सबै प्रकारका खेलौनाहरू, खेल्ने तास, ३२ इन्चभन्दा ठूला रंगीन टीभी पनि आयात प्रतिबन्धको सूचीमा छन्। विदेशी मुद्रा सञ्चिति घट्दै गएपछि सरकारले आयात प्रतिबन्ध लगाएको थियो। यसअघि ६ सय डलरसम्मका ल्याउन पाइन्थ्यो। यसैगरी जीप, कार, भ्यान आयातमा पनि पूर्ण प्रतिबन्ध लगाइएको छ।

खेलौनाहरूमा प्रतिबन्ध लगाइएको छ। यसैगरी १५० सीसीदेखि २५० सीसीसम्मका मोटरसाइकल साउन १ गते अघि नै प्रतितपत्र (एलसी) खुलेको भए ल्याउन पाइने उल्लेख छ। गाडी व्यवसायीहरूले सवारी आयात खुलाइदिन प्रधानमन्त्री शेरबहादुर देउवासँग निरन्तर आग्रह गरेका छन्।


## कर्पोरेट

### कामना सेवाको नायब प्रमुख कार्यकारी अधिकृतमा दाहाल



**काठमाडौं (प्रस)–** कामना सेवा विकास बैंकको नायब प्रमुख कार्यकारी अधिकृतमा विनय दाहाललाई नियुक्त गरिएको छ। बैंकिंग क्षेत्रमा ३ दशक लामो कार्य अनुभव हासिल गरेका दाहाल पछिल्लो २ वर्षदेखि बैंकको व्यापार तथा योजना प्रमुखको जिम्मेवारीमा रही कार्यसम्पादन गर्दै आएका थिए। उनले यसअघि एनएमबी, एनआईसि एसिया र नबिल बैंकसँग आबद्ध भएर पनि काम गरेका थिए।

### सन्राइज र फोकसवान पेमेन्टबीच सम्झौता




**काठमाडौं (प्रस)–** सन्राइज बैंक र फोकसवान पेमेन्ट सोलुसन्सद्वारा संचालित मोको डिजिटल वालेटबीच भिसा कार्डमार्फत हुने डिजिटल भुक्तानी सेवा सम्बन्धी सम्झौता भएको छ। सम्झौतापछि सेवासमेत सुरु भइसकेको छ। सहकार्यपश्चात् सन्राइज बैंकका ग्राहकले मोको एपमा आफ्नो डेबिट वा क्रेडिट कार्ड लिंक गरी बिल भुक्तानी जस्तै मोबाइल टपअप, इन्टरनेट, विद्युत्, खानेपानीको बिल भुक्तानी, हवाईजहाजको टिकट भुक्तानीलगायतका सेवाहरू प्रयोग गर्न तथा १५ सयभन्दा बढी मर्चेन्टहरूमा क्युआर कोडमार्फत भुक्तानी गर्न पाउने छन्। क्रेडिट कार्ड प्रयोगकर्ताले कार्डमार्फत भुक्तानी गर्दा पिओएस मा वा इकमर्समार्फत मात्र कारोबार गर्न सक्ने भएकोमा अब उप्रान्त क्रेडिट कार्डलाई मोको एपमा लिंक गरेपश्चात् क्युआर कोड स्क्यान गरेरसमेत भुक्तानी कारोबार गर्न सक्ने भएकाले यो सेवाले डिजिटल भुक्तानीमा थप सहयोग पुऱ्याउने बैंकले जनाएको छ।

### टाटा विंगर विएस ६ नेपाली बजारमा

**काठमाडौं (प्रस)–** टाटा मोटर्सको नेपालस्थित आधिकारिक वितरक सिप्रदी ट्रेडिङ प्रालिले नयाँ टाटा विंगर विएस ६ नेपाली बजारमा सार्वजनिक गरेको छ। "प्रिमियम टफ" ढाँचामा तयार परिएको यस गाडी कार्गो कम्पनी, विद्यालय र ट्राभल एजेन्सी लगायतका संस्थाहरूलाई उपयुक्त हुने दाबी कम्पनीले गरेको छ।

सो गाडी नयाँ युगका त्यस्ता सु-सूचित ग्राहकहरूतर्फ लक्षित छ जो आकर्षक र आरामदायी गाडीमार्फत आफ्नो व्यापार/व्यवसायको उन्नति गर्न चाहनेलाई अति उपयोगी रहेको कम्पनीले जनाएको छ। २.२ लिटरको डाइकोर इन्जिन जडित विंगर सो गाडीको टर्क अत्यन्त प्रभावकारी छ। त्यसैगरी इको स्वीच एवं गियर सिफ्ट एडभाइजर जस्ता विशेषताले गर्दा यस गाडीले कम इन्धन खपत गरी उत्कृष्ट




कार्यक्षमता प्रदान गर्ने दाबी कम्पनीको रहेको छ। हाइड्रोलिक सक अब्जर्बर भएको फ्रन्ट सस्पेन्सन एवं मोनोकक च्यासिसजस्ता विशेषता भएको यो गाडीले सुखद र आरामदायी यात्राको प्रत्याभूति गर्दछ। सिप्रदी ट्रेडिङका कार्यकारी अध्यक्ष सिद्धार्थ शमसेर राणाका अनुसार आफ्नो ग्राहकहरूलाई अन्तर्राष्ट्रियस्तरको उत्पादन एवं समुच्च कोटीको ग्राहक सेवाहरू प्रदान गरिरहेको बताए। टाटा मोटर्सको सहकार्यमा यस्ता उत्पादनतथा सेवाहरू हामीले विगत केहीदशक देखि नेपाली ग्राहकहरूलाई प्रत्याभूति गरिरहेका उनको भनाइ रहेको छ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रक : एक्सप्रेस कलर प्रेस, कार्यालय : काठमाडौं-७, सिफल, नेपाल, फोन नं. ०१-४३७३५७७, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, अध्यक्षः दुर्गाबहादुर लिम्बू, प्रबन्ध निर्देशकः कृष्णबहादुर कार्की, सम्पादकः विष्णु तामाङ